# नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आठौं प्रदेश सभा
# वार्षिक प्रतिवेदन २०८१

(नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आ.व. २०८०/८१ को आय-व्यय विवरण समेत)

१. नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आठौं प्रदेश सभामा कार्यकारिणी समितिको तर्फबाट यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु। यस वार्षिक प्रतिवेदनमा गत २०८० साल फागुन ११ गते सम्पन्न सातौं प्रदेश सभा पश्चात् भएका प्रमुख क्रियाकलाप तथा कार्यक्रमका साथै गतिविधि, क्रियाकलाप तथा कार्यक्रमहरू बारे संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

२. कार्यकारिणी समितिले सातौं प्रदेश सभापश्चातको १ वर्षको अवधिमा प्रदेशले उद्योगी व्यवसायीहरूको हकहितको संरक्षण तथा सम्बर्द्धनको साथै देशको उद्योग व्यवसाय, लगानी क्षेत्रको विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि हुनुपर्ने नीतिगत व्यवस्थाहरू बारे सम्बन्धित निकाय तथा विभिन्न तह र तप्काहरूमा आवश्यक छलफल गरी आफ्नो आवाजहरू पेश गर्दै आएको छ ।

३. हेटौंडा उपमहानगरपालिका कार्यालयबाट बागमती प्रदेशको सचिवालय भवन निर्माणको लागि प्राप्त जग्गामा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालज्यूबाट शिलान्यास सम्पन्न भइसकेकोमा विविध कारणवश हाल भवन निर्माणको काम स्थगित भएको छ । यसको लागि नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले चाँडै भवन निर्माणको लागि आवश्यक पहलकदमी गरिरहेको छ । हेटौंडा उपमहानगरपालिकाका प्रमुख र विज्ञ सल्लाहकार, सम्बन्धित वडाका वडाअध्यक्ष सबैजना निजी क्षेत्रलाई सहयोग गर्न सकारात्मक हुनुहुन्छ ।

४. नेपाल सरकार बागमती प्रदेश सामाजिक विकास मन्त्रालयसंगको सहकार्यमा राष्ट्रिय सीप परिक्षण परियोजना विभिन्न जिल्ला/नगर उद्योग वाणिज्य संघहरू मार्फत अभिमुखीकरण कार्यक्रमहरू सम्पन्न गरिएको छ ।

५. पूर्व बजेट अन्तरक्रिया, पर्यटन प्रवर्द्धन: सम्भावना र अवसर विषयक अभिमुखीकरण कार्यक्रम, ३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई सम्बन्धी आवासीय तालिम, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको सिकाई तथा अनुभव आदानप्रदान भ्रमण टोलीको स्वागत तथा छलफल कार्यक्रम, ई-कमर्श तालिम, बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८० र २०८१, पुजी बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम, नि:सन्तानपन परामर्श सम्बन्धी नि:शुल्क शिविर, मकवानपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमितिको स्वागत तथा बधाई कार्यक्रम आयोजना गरिएको छ ।

६. कार्यकीरिणी सदस्य तथा सचिवालय कर्मचारीहरूलाई विभिन्न तालिम, गोष्ठी तथा भ्रमण कार्यक्रमहरूमा सहभागी गराईंदै आएको छ भने जिल्ला नगर उद्योग वाणिज्य संघहरूलाई कार्यशाला गोष्ठीको लागि सहजकर्ता उपलब्ध गराई सहयोग गरिंदै आएको छ ।

७. विभिन्न मन्त्रालय तथा निकायहरूमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको उल्लेखनीय उपस्थिति रहने गरेको र आफ्नो सशक्त बिचारहरू व्यक्त गर्ने गरिएको छ ।

८. बागमती प्रदेश अन्तर्गत रहेका १३ वटा जिल्ला, १८ वटा नगर उद्योग वाणिज्य संघ समेत ३१ वटा उद्योग वाणिज्य संघ, १८४ वटा एसोसियट सदस्य तथा २१ वटा वस्तुगत सदस्यहरूलाई छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रदान गर्दै आईरहेको छ ।

९. जिल्ला नगर उद्योग वाणिज्य संघहरूले आयोजना गर्ने मेला महोत्सवहरूको प्रदेश महासंघको वेबसाईट मार्फत प्रचार प्रसार गर्ने गरिएको छ । विभिन्न जिल्ला उद्योग वाणिज्य संघहरूले आयोजना गरेको मेला महोत्सवहरूमा उद्योगी व्यवसायीहरूलाई बागमती प्रदेशकै समन्वय र सहकार्यमा सहभागिता गराइँदै आएको छ ।

१०. केन्द्रीय महासंघबाट प्राप्त निर्देशन तथा सूचनाहरू जिल्ला नगर उवासंघ तथा सदस्यहरूबीच पुऱ्याउने कार्यहरू गरिएको छ ।

**नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको भवन निर्माण शिलान्यास**

**२०८० फागुन १० गते**



नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेशको आफ्नै भवन बन्ने भएको छ । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालज्यूले हेटौंडामा महासंघ बागमती प्रदेश कार्यालयको शिलान्यास गर्नुभएको हो । कार्यालय निर्माणले स्थानीय व्यावसायिक समूहका लागि दूरगामी प्रभाव सिर्जना गर्ने अपेक्षा गरिएको महासंघले जनाएको छ । व्यावसायिक निर्माण सम्पन्न भएपश्चात आधुनिक कार्यालय, बैठक कोठा र सम्मेलनको सुविधा उपलब्ध हुने बताईएको छ । उद्यमी, स्टार्टअप र स्थापित व्यवसायले यी सुविधाहरूमार्फत व्यापार तथा व्यवसायलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न, सहकार्य एवम् सञ्जालकालागि प्रयोग गर्न सक्ने समेत महासंघले जनाएको छ । कार्यक्रममा महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालज्यूले यो प्रदेश व्यापार प्रवर्द्धन र नेटवर्किङको हब बन्ने लक्ष्य राखिएको बताउनु भयो । यसले स्थानीय उद्यम र अन्तर्राष्ट्रिय साझेदार बीचको सम्बन्धलाई बढावा दिन व्यापार मेला, उद्योग विशेष कार्यक्रम र वाणिज्य शिखर सम्मेलन आयोजना गर्ने समेत उहाँले बताउनुभयो । कार्यालयमा बिजनेस इन्क्युबेटर र एक्सेलेटरकालागि स्थान राखिने भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूले कार्यालयले सीप विकास कार्यक्रम प्रस्ताव गर्न व्यावसायिक प्रशिक्षण संस्थान र विश्वविद्यालयसँग सहकार्य गर्ने योजना बनाएको जानकारी दिनुभयो । व्यावसायिक प्रतिस्पर्धालाई दक्ष जनशक्ति आवश्यकता रहेको र यो पहलले सीपको खाडललाई पूरा गर्ने समेत उहाँले बताउनुभयो । हेटौंडाको थानाभन्याङमा ३ कठ्ठा जमीनमा सचिवालय भवन निर्माण गर्नका लागि शिलान्यास भएको हो । सो जग्गा हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराएको हो । महासंघ अध्यक्ष ढकालज्यूले निजी क्षेत्रलाई प्राथमिकतामा राखेर जग्गा प्रदान गरेकोमा उपमहानगरपालिकालाई धन्यवाद दिनुभएको थियो । साथै उहाँले उक्त भवन निर्माणका लागि व्यक्तिगत रूपमा रू. ५ लाख सहयोग गर्ने प्रतिवद्धता जनाउनुभएको छ । साथै महासंघका बागमती प्रदेश अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूलाई भवन निर्माण छिटो भन्दा छिटो सम्पन्न गर्नको लागि आग्रह गर्नुभएको छ । बागमती प्रदेश अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले जग्गा सहयोग गरेकोमा उपमहानगरपालिकालाई धन्यवाद व्यक्त गर्दै व्यक्तिगत रुपमा भवन निर्माण गर्न रू. ५ लाख ११ हजार १ सय ११ रूपैयाँ सहयोग गर्ने घोषणा गर्नुभएको छ । साथै अध्यक्ष चन्द्र प्रसाद ढकालज्यूलाई भवन छिट्टै बनाउने प्रतिवद्दता जनाउनुभएको छ । उहाँका अनुसार सो भवन साढे चार तलाको बन्नेछ भने लागत २.५ करोड रहने छ । सुरूवाती चरणमा १ करोड बजेटबाट काम सुरू गरिने उहाँले बताउनुभयो । हाल नेपाल उद्योग वाणिज्य महासंघ वागमती प्रदेशको सचिवालय हेटौंडाको हुप्राचौर क्षेत्रमा रहेको छ ।

**नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सातौ प्रदेशसभा सम्पन्न**

**२०८० फागुन ११ गते**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सातौ प्रदेशसभा सम्पन्न भएको छ । बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माज्यूको प्रमुख आतिथ्यमा प्रदेश सभा सम्पन्न भएको हो । प्रदेश सभालाई सम्बोधन गर्दै सभाध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले बैंकको ब्याजदर घटे पनि व्यवसायीहरूसंग लगानीको लागि

आत्मविश्वास नभएको बताउनु भयो । बैंकले ब्याजदर घटाए पनि लगानीको वातावरण नभएको बताउनु हुँदै उहाँले बागमती प्रदेश व्यावसायिक हिसाबले ठूलो रहेको र यहाँको समस्याहरूलाई उजागर गरेर अगाडी बढ्न नसके व्यापार व्यवसायमा नै अप्ठेरो पर्ने बताउनुभयो । जबसम्म निजी क्षेत्रको मनोबल दह्रो हुँदैन, तबसम्म देशको अर्थतन्त्रमा गहिरो असर परिरहने उहाँले उल्लेख गर्नुभयो । सरकार र राष्ट्र बैंकले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने खालको नीति ल्याउनुपर्ने पनि उहाँले बताउनुभयो ।



सभाका प्रमुख अतिथि नेपाल सरकार बागमती प्रदेशका प्रदेश प्रमुख माननीय यादव चन्द्र शर्माज्यूले शुभकामना मन्तव्य राख्नु हुँदै संविधान बनेको यत्रो समयसम्म पनि देशमा उद्योगमैत्री नीति निर्माण नभएको बताउनुभयो । औद्योगिक ऐन निर्माण हुन नसक्नु बिडम्बना भएको बताउनु हुँदै प्रमुख अतिथि शर्माज्यूले उद्योग व्यवसाय नै देशको अर्थ व्यवस्थाको ठूलो हिस्सा भएको र वैदेशिक लगानी भित्र्याउनु नसक्नु राष्ट्रिय बिडम्बना भएको बताउनुभयो । देशको अर्थ व्यवस्थाको ७७ प्रतिशत हिस्सा ओटेको उद्योग व्यवसाय ढुक्कसँग सञ्चालन गर्ने वातावरण तयार गर्न राज्यसँग समन्वय गर्नुपर्ने बताउनु हुँदै उहाँले जबसम्म लम्पट सरकार र लम्पट उद्योगीहरू रहिरहन्छन्, तबसम्म देशले विकासको गति समात्न नसक्ने पनि बताउनुभयो । पछिल्लो समय उद्योगी व्यवसायीहरूबाट व्यापक गुनासोहरू आउन थालेको प्रति चिन्ता व्यक्त गर्नुहुँदै उहाँले उद्योगले उत्पादनमा जोड दिएर राज्यको आय वृद्धिको योजना बनाउनु पर्नेमा ध्यान दिनुपर्ने बताउनुभयो र सभाको पूर्ण सफलताको शुभकामना पनि व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सातौं प्रदेश सभाको सफलताको कामनासहित हेटौंडा उपमहानगरपालिका वडा नं. ११ का वडाअध्यक्ष जुना दाहालज्यूले नेउवामहासंघ बागमती प्रदेशको सचिवालय आफ्नै वडा मातहतमा रहेकोले खुशी व्यक्त गर्नुहुँदै बागमती प्रदेश महासंघलाई अघि बढाउन वडाबाट पनि पूर्ण सहयोग रहने बताउनुभयो । साथै उहाँले निजी क्षेत्रले सरकारलाई जिम्मेवारीबोध गराउनुपर्ने कुरामा पनि जोड दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय कार्यकारिणी सदस्य सविन श्रेष्ठज्यूले बागमती प्रदेश महासंघको भवन बन्न लागेकोमा खुशी व्यक्त गर्नुहुँदै उक्त भवन नेपाल उद्योग वाणिज्य महासंघकै हुने भएकोले सबैको सहयोगको अपेक्षा गर्नुभयो । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताज्यूले ब्याज वृद्धि र नापतौल नविकरणको समस्याले उद्योगी व्यवसायीहरू पिरोलिएको बताउनुभयो । त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य प्रयास कार्कीज्यूले सरकारको ८० प्रतिशत राजस्वमा योगदान दिने निजी क्षेत्रको उत्थानकालागि उद्योग व्यवसाय मैत्री राजस्व नीति, व्यावसायिक नीति बन्नु पर्ने कुरामा विशेष जोड दिनुभयो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेढाईज्यूले साना पूँजी भएका र किसानहरूलाई समेटेर अघि बढ्नुपर्ने र लगानीको क्षेत्रमा सरकारले लगानीकर्तालाई अवसर प्रदान गर्न प्रोत्साहन गर्नुपर्ने र वित्तिय अपराध हुन नदिने कार्यमा सतर्क हुनुपर्ने कुरामा जोड दिनुपर्ने बताउनुभयो । नेपाल सरकार बामगती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव राजेन्द्र प्रसाद कोईरालाज्यूले निजी क्षेत्रसँगको सहकार्यमा चियाको क्षेत्रमा नेपालले ८ वटा क्वालिटी अवार्ड पाईसकेको र अलैंची, बेसार आदि जस्ता निर्यातजन्य वस्तुहरूको प्रवर्द्धन गर्न धेरै काम गर्न बाँकी रहेको बताउनुभयो । क्षेत्रफलको

हिसाबले ५ औं स्थानमा रहेको बागमती प्रदेश जनसंख्याको हिसाबले पहिलो नम्बरमा रहेको र यही प्रदेशको काँधमा नै धेरै जिम्मेवारी रहेको पनि बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगत उपाध्यक्ष हेमराज ढकालज्यूले कुनै बेला दक्षिण एशियामा बंगलादेश पछि दोश्रो स्थानमा रहेको नेपाल अहिलेको राजनैतिक अस्थिरताका कारण धेरै पछि परिसकेकोले अबको जोड दिनुपर्ने भनेकै देशलाई आयातमुखी नभई निर्यातमुखी बनाउन लाग्नुपर्ने बताउनुभयो । बैंकको व्याज दर बृद्धि हुनुमा पनि नेपाल राष्ट्र बैंककै अव्यवहारिक नीति प्रमुख कारण भएको उहाँले बताउनुभयो । साथै उहाँले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सचिवालय भवन निर्माणको लागि नगद रू. १ लाख र थप १ लाख बराबरको कार्पेट म्याट्रेस सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघ काठमाडौँका अध्यक्ष दिनेश श्रेष्ठज्यूले कमाएर खानेहरू प्रति राज्यको दृष्टिकोण नकारात्मक भएको बताउनुभयो । राज्यलाई कमाएर दिने, राज्यलाई कर तिर्न पसिना बगाउनेहरूलाई राज्यले नकारात्मक दृष्टिले हेरेको बताउनु हुँदै उहाँले व्यवसायीले नाफा कमाउनको लागि नै व्यवसाय गर्ने र कमाईबाट राज्यलाई कर पनि तिर्ने गरेको भए पनि राज्यले व्यवसायीहरूलाई नकारात्मक दृष्टिले हेरेको भन्दै प्रश्न गर्नुभएको थियो । केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय तह सबैले कर उठाउने भए पनि तिरेको कर अनुसारको सुविधा पनि व्यवसायीले पाउनु पर्ने, व्यवसायीलाई जेलमा थुन्ने कानून परिवर्तन गर्नुपर्ने र व्यवसायीसंग सम्बन्धित कानून बनाउँदा व्यवसायीसँग पनि छलफल गरेर कानून निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्यज्यूले राज्यको ८ अर्ब रकम विकास कोषमा रहेकोमा १० प्रतिशत औद्योगिक क्रान्तिका लागि छुट्ट्याईनु पर्ने र पञ्चवर्षीय योजनाको रूपमा बागमती प्रदेशबाट उक्त कार्यको शुरूवात गर्नुपर्ने बताउनुभयो । देशभर उद्योगी व्यवसायीहरूको प्रवर्द्धनका लागि औद्योगिक व्यापार मेला उद्योग वाणिज्य संघहरूले विना कुनै लाभ आयोजना गर्दै आईरहेकोमा हाल विभिन्न क्लब, समितिहरू जस्ता संस्थाहरूले आयोजना गरिरहेको कार्यलाई यथाशीघ्र बन्द गराउनुपर्नेमा जोड दिनुहुँदै उहाँले निजी क्षेत्रको साथ बिना विकास असम्भव रहेको बताउनुभयो । बैंक ब्याज बृद्धि सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग निरन्तर लबिङ्गपश्चात केही हदसम्म सम्बोधन भईसकेको र चालु पूँजी कर्जा सम्बन्धी मार्गदर्शन खारेजी र निजी क्षेत्रको मर्यादाक्रमका लागि अझै पनि लबिङ्ग गर्न जरूरी रहेको बताउनुभयो । साथै उहाँले पनि नेपाल उद्योग वाणिज्य महासंघको सचिवालय भवन निर्माणको लागि रू. १,०१,०००।- (एक लाख एक हजार मात्र) सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सभामा नेउवामहासंघ बागमती प्रदेशको सचिवालय भवन निर्माणको लागि तपसील बमोजिम दाताहरूबाट २८ लाख भन्दा बढीको सहयोगको प्रतिबद्धता पनि प्राप्त भएको छ ।

| | | |
|---|---|---|
| क. | अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूबाट | रू. ५,११,१११।- |
| ख. | नेउवामहासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालज्यूबाट | रू. ५,००,०००।- |
| ग. | नेउवामहासंघ उपाध्यक्ष हेमराज ढकालज्यूबाट<br>(नगद रू. १,००,०००।- र कार्पेट रू. १,००,०००।-) | रू. २,००,०००।- |
| घ. | नेउवामहासंघ उपाध्यक्ष सुरकृष्ण बैद्यज्यूबाट | रू. १,०१,०००।- |
| ङ. | केन्द्रीय सदस्य सविन श्रेष्ठज्यूबाट | रू. १,५१,१५१।- |
| च. | उपाध्यक्ष गुणराज श्रेष्ठज्यूबाट | रू. १,५१,१५१।- |
| छ. | उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूबाट | रू. १,५१,१५१।- |
| ज. | काकास प्रेमहरि मैनालीज्यूबाट | रू. १,११,१११।- |
| झ. | काकास कृष्ण भक्त श्रेष्ठज्यूबाट | रू. १,११,१११।- |
| ञ. | काकास जीवनकाजी माकजु श्रेष्ठज्यूबाट | रू. १,११,१११।- |
| ट. | काकास राज्यलक्ष्मी शाक्यज्यूबाट | रू. १,११,१११।- |
| ठ. | नेउवामहासंघ केन्द्रीय सदस्य प्रयास कार्कीज्यूबाट | रू. १,०१,०००।- |

| | | |
|---|---|---|
| ड. | केन्द्रीय सदस्य अमरेशचन्द्र बैदारज्यूबाट | रू. १,००,०००।- |
| ढ. | काकास रोशनी मैंया धौबञ्जाज्यूबाट | रू. १,००,०००।- |
| ण. | नेपाल वितरक संघबाट | रू. १,००,०००।- |
| त. | काकास शिवप्रसाद मानन्धरज्यूबाट | रू. ५५,५८०।- |
| थ. | काकास रूद्र बहादुर खत्रीज्यूबाट | रू. ५५,५५५।- |
| द | काकास ग्रुवेन तौजलेज्यूबाट | रू. ५५,५५५।- |
| ध. | सिन्धुली उवासंघ अध्यक्ष अर्जुन कुमार श्रेष्ठज्यूबाट | रू. २५,५५५।- |

प्रमुख अतिथि माननीय यादव चन्द्र शर्माज्यूलाई नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले मायाको चिनो प्रदान गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठज्यूले सातौं प्रदेश सभाको समुद्घाटन गरिदिनु भएकोमा प्रमुख अतिथिज्यू, कार्यक्रमको गरिमा बढाईदिन उपस्थित हुनुहुने विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, विभिन्न जिल्ला नगर उवासंघका अध्यक्ष र प्रतिनिधिज्यूहरू, विभिन्न बस्तुगत संघसंस्थाका प्रमुख एवम् प्रतिनिधि ज्यूहरू, एशोसियट संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, पर्यवेक्षकज्यूहरू, विभिन्न मन्त्रालयका सचिवज्यूहरू, विभिन्न संघसंस्थाका अध्यक्ष, प्रमुख एवम् प्रतिनिधिज्यूहरू, कर्मचारीहरू, सचारकर्मी मित्रहरूलाई बागमती प्रदेश महासंघको तर्फबाट हार्दिक धन्यवादज्ञापन गर्नुभयो र समुद्घाटन समारोह समापन भएको घोषणा गर्नुभयो । सभाको संचालन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूले गर्नुभएको थियो ।

प्रदेश सभाको दोश्रो सत्रले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सातौं प्रदेश सभा वार्षिक प्रतिवेदन २०८० पारित गरेको छ । त्यस्तै आ.व. २०७९।८० को आम्दानीतर्फ रू. ३९,१२,३००।०० र खर्चतर्फ रू. ३९,१५,६००।८६ पैसाको आय व्यय विवरण सर्वसम्मत अनुमोदन गरेको छ । दोश्रो सत्रले नेपाल उद्योग वाणिज्य महासंघको विधान संशोधन प्रस्ताव सम्बन्धमा तपसील बमोजिम प्रस्तावहरू सर्वसम्मत रूपमा अनुमोदन गरी प्रकृयागत रूपमा अघि बढाउन नेपाल उद्योग वाणिज्य महासंघ पठाउने निर्णय पनि गरेको छ ।

१. अध्यक्ष पदको प्रत्यक्ष निर्वाचन हुनुपर्ने ।
२. बरिष्ठ उपाध्यक्ष जिल्ला नगर तर्फबाट १ जना र एशोसियट र वस्तुगत मध्येबाट १ जना बनाईनुपर्ने ।
३. २ वर्षको १ कार्यकाल बनाईनु पर्ने ।
४. केन्द्रीय सदस्यहरू समयसापेक्ष थप गर्नुपर्ने ।
५. प्रदेश महासंघलाई अधिकार सम्पन्न बनाउनुपर्ने ।
६. नयाँ नगर उवासंघको सदस्यता प्रदान गर्ने मापदण्ड परिमार्जन गर्नुपर्ने ।

बन्द सत्रको छलफलमा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ताज्यूले बीमा कम्पनीहरूको एकलौटीपन तोडिनुपर्ने सुझाव दिनुभएको थियो भने फुल अडिटपश्चात पनि व्यवसायीहरूले दु:ख पाउनुपर्ने समस्याको निराकरण हुनुपर्ने बताउनुभयो । त्यसैगरी सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठज्यूले बैंक व्याजको समस्या समाधानको प्रयासमा लागेकोमा महासंघलाई धन्यवाद ज्ञापन गर्नुभयो भने थप समस्याहरू सम्बोधनमा तदारूकता नदेखाईएको बताउनुभयो । साथै मेला महोत्सवहरू उद्योग वाणिज्य संघहरूले मात्र गर्न पाउनुपर्ने, महासंघको साधारण सभामा अध्यक्ष मात्र नभई निवर्तमान र पूर्व अध्यक्षज्यूहरूलाई पनि बोलाउनुपर्ने विषयमा महासंघलाई सशक्त ढंगमा लाग्न सुझाव दिनुभयो । नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण वैद्यज्यूले छिट्टै नै सबैसँग छलफल गरी नेपाल उद्योग वाणिज्य महासंघको विधान संशोधनको लागि तयारी भईरहेको र आगामी साधारण सभापश्चात बस्ने विशेष साधारणसभामा विधान संशोधन गरिने बताउनु भयो । प्रदेश उद्योग वाणिज्य महासंघलाई अधिकार सम्पन्न गराउनुपर्ने बताउनुहुँदै उहाँले अहिलेको अवस्थामा धेरै उद्योग वाणिज्य संघहरू अद्यावधिक नभएको पाईएकोले सबै जिल्ला नगर उद्योग वाणिज्य संघहरू अद्यावधिक गर्नुपर्ने बताउनुभयो । बन्द सत्रमा राष्ट्रिय स्तरमा निजी क्षेत्रको मर्यादाक्रम तोकिनुपर्ने र क्रेडिट रिकभरी सम्बन्धी कानून बन्ने बेलामा सबै जिल्ला नगर

उवासंघ र बस्तुगत संघहरूको समन्वयपश्चात मात्र हस्ताक्षर गर्ने कार्य गर्न पनि सुझाव प्राप्त भएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सातौं प्रदेश सभाको माईन्यूट प्रमाणित गर्न सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठज्यूलाई प्रतिनिधि नियुक्त गर्ने निर्णय गरेको थियो भने बन्द सत्रको अन्त्यमा अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको आदेशमा बन्द सत्रको कार्यक्रम संचालन गर्नुहुने उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूले उपस्थित सम्पूर्णमा हार्दिक धन्यवादज्ञापनसहित बन्द सत्रको कार्यक्रम समापन गर्नुभएको थियो ।

## सामाजिक विकास मन्त्रालयको राष्ट्रिय व्यावासायिक योग्यता प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम हेटौंडामा सम्पन्न

**२०८०।११।२२ गते**




बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसँगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम मकवानपुर उद्योग वाणिज्य संघको पलपसा सभाहलमा सम्पन्न गरिएको छ । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरूमाथि चर्चा गरिएको थियो । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका वस्तुगत तथा एशोसियट सदस्यहरू गरी ४० जना उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो । सामाजिक विकास मन्त्रालयको आयोजना, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजन र मकवानपुर उद्योग वाणिज्य संघको सहकार्यमा आयोजित अभिमुखीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव भीष्म कुमार भुसाल, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्रीज्यूले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक योग्यता प्रणाली परियोजनाका प्राविधिक संयोजक सुक बहादुर चौधरीले **NVQS** कार्यान्वयनमा सामाजिक विकास मन्त्रालयले गरेका प्रयासहरू, योग्यता प्रणालीको संक्षिप्त परिचय, निजी क्षेत्रको भूमिका, आरपिएल प्रविधिबाट सीप परीक्षण बारेमा प्रस्तुतिकरण राख्नुभएको थियो भने रोजगारीको लागि अनलाई डाटाबेस सिष्टमको विषयमा परियोजनाकै सुरेन्द्र कुमार रामज्यूले प्रस्तुतिकरण दिनुभएको थियो । सामाजिक विकास मन्त्रालयका सामाजिक विकास अधिकृत चन्द्र बहादुर श्रेष्ठज्यूले संचालन गर्नुभएको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाईज्यूले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धर ज्यू, मकवानपुर उद्योग वाणिज्य संघका पदाधिकारीज्यूहरू, महिला उद्यमीहरू र विभिन्न बस्तुगत र एशोसियट संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरूको उपस्थिति रहेको थियो ।

## पर्यटन प्रवर्द्धनः सम्भावना र अवसर विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न

**२०८०।११।२२ गते**

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको आयोजना, कर्ण सकारात्मक सोच अभियानको संयोजन र सेन्ट जेभियर्स स्कूल जावलाखेलको सहयोगमा "पर्यटन प्रवर्द्धन: सम्भावना र अवसर" विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश पर्यटन विकास समितिका संयोजक राज्यलक्ष्मी शाक्यज्यूको सभापतित्व, नेपाल उद्योग वाणिज्य महासघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको प्रमुख आतिथ्यता, कर्ण सकारात्मक सोच अभियानका संस्थापक संरक्षक कर्ण शाक्यज्यूको विशिष्ट आतिथ्यतामा कार्यक्रम आयोजना गरिएको हो । सेन्ट जेभियर्स स्कूलका ११ र १२ कक्षामा अध्ययनरत् विद्यार्थीहरूलाई लक्षित गरी पर्यटन प्रबर्द्धन, यसको सम्भावना र अवसरहरूको बारेमा प्रस्तुतिकरणसहितको अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । शिक्षक र विद्यार्थीहरूसमेत गरी ३०० जना भन्दा बढी सहभागी उक्त कार्यक्रममा पर्यटन प्रवर्द्धक देवेन सिंह ठकुरी, विश्व रेकर्डधारी कल्पना महर्जन र विशिष्ट अतिथि कर्ण शाक्यज्यूले आ-आफ्नो प्रस्तुतिकरण प्रस्तुत गर्नुभएको थियो । विशेष अतिथिको रूपमा सेन्ट जेभियर्स स्कूलका प्रिन्सिपल सामुयल सिमिकज्यू हुनुहुन्थ्यो भने कार्यक्रममा स्कूलकै प्रशासन प्रमुख निरज थापाज्यूको पनि उपस्थिति रहेको थियो । कार्यक्रमका सभाध्यक्ष राज्यलक्ष्मी शाक्यज्यूले कार्यक्रमको उद्देश्यको विषयसहित स्वागत मन्तव्य राख्नु भएको थियो भने पर्यटनको सम्भावना र अवसरहरू बारे प्रमुख अतिथि दिल सुन्दर श्रेष्ठज्यूले आफ्नो भनाई राख्नुभएको थियो । कार्यक्रम सेन्ट जेभियर्स स्कूलको सभाहलमा आयोजना गरिएको थियो ।

## सामाजिक विकास मन्त्रालयको राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम काभ्रेमा सम्पन्न

**२०८० फागुन २७ गते**



बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसंगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम काभ्रे उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरिएको छ । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरूमाथि चर्चा गरिएको थियो । कार्यक्रममा काभ्रे उद्योग वाणिज्य संघ, धुलिखेल उद्योग वाणिज्य संघ र पनौती उद्योग वाणिज्य संघका सदस्यहरू गरी ५५ जना उद्योगी व्यवसायीहरूको उपस्थिति रहेको थियो । सामाजिक विकास मन्त्रालयको आयोजना, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजन,

काभ्रे उद्योग वाणिज्य संघ, धुलिखेल उद्योग वाणिज्य संघ र पनौती उद्योग वाणिज्य संघको सहकार्यमा आयोजित अभिमुखीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव भीष्म कुमार भुसालज्यूले आगामी दिनहरूमा निजी क्षेत्रसंग थप सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य एवम् सीप तथा तालिम समितिका संयोजक ग्रुवेन तौजलेज्यूले सरकार र निजी क्षेत्रको आपसी समन्वय हुन सके सरकारले पुग्न खोजेको गन्तव्य सजिलै पुग्न सकिने बताउनुभयो । कार्यक्रममा सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक योग्यता प्रणाली परियोजनाका प्राविधिक संयोजक सुक बहादुर चौधरीले राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा सामाजिक विकास मन्त्रालयले गरेका प्रयासहरू, योग्यता प्रणालीको संक्षिप्त परिचय, निजी क्षेत्रको भूमिका, आरपिएल प्रविधिबाट सीप परीक्षण र रोजगारीको लागि अनलाईं डाटाबेस सिष्टमको विषयमा प्रस्तुतिकरण दिनुभएको थियो । सामाजिक विकास मन्त्रालयका सामाजिक विकास अधिकृत चन्द्र बहादुर श्रेष्ठज्यूले संचालन गर्नुभएको कार्यक्रममा काभ्रे उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र पसछेंज्यूले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यू, काभ्रे उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा पदाधिकारीज्यूहरू, पनौती उद्योग वाणिज्य संघ र धुलिखेल उद्योग वाणिज्य संघका पदाधिकारीहरू र विभिन्न बस्तुगत तथा एशोसियट संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरूको उपस्थिति रहेको थियो ।

## ३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई सम्बन्धी आवासीय तालिम शुरू

**२०८० चैत्र १५ गते**



नेपाल सरकार बागमती प्रदेश उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम बमोजिम नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा ३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई सम्बन्धी आवासीय तालिम थाहानगर पालिकामा शुरू भएको छ । नेपाल सरकार बागमती प्रदेश उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी.ज्यूको सभाध्यक्षता, थाहानगरपालिकाका उपप्रमुख भरत गोपालीज्यूको प्रमुख आतिथ्यता, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्रीज्यू एवम् थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालज्यूको विशेष आतिथ्यतामा भएको कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक गोविन्द सिग्देलज्यूले विभिन्न जिल्लाका महिला दिदीबहिनीहरूलाई लक्षित गरी आयोजना गरिएको आवासीय तालिमले उद्यमी बन्न उत्प्रेरणा जगाओस् भन्ने उद्देश्यले तालिम कार्यक्रमको आयोजना गरिएको र सो को संयोजन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले गरि दिएकोमा धन्यवादज्ञापन व्यक्त गर्नुभएको थियो । व्यानर वाचन गरी उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि भरत गोपालीज्यूले तालिमको लागि थाहानगरपालिकालाई चुनिदिनु भएकोमा धन्यवादज्ञापन गर्नुभयो भने सम्पूर्ण महिला दिदीबहिनीहरूले सिकेका कुरालाई व्यवहारमा उतारेर उद्यमशिलताको विकासमा टेवा पुऱ्याउन आग्रह गर्नुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्रीज्यूले उद्यमशिलता विकासमा यस्ता तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले आगामी दिनहरूमा पनि महासंघले विभिन्न मन्त्रालयहरूसंग समन्वय गरेर विभिन्न तालिम कार्यक्रमहरू आयोजना गर्ने बताउनुभएको थियो । थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालज्यूले तालिम कार्यक्रमको सफलताको

शुभकामना व्यक्त गर्नुहुँदै तालिमपश्चात प्रशिक्षार्थीहरूलाई उद्यमी बनेको देख्न चाहेको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले संचालन गर्नुभएको तालिम कार्यक्रमको समुद्घाटन समारोहमा सभाध्यक्ष राजेन्द्र कुमार के.सी.ज्यूले ३९० घण्टे उक्त तालिमले प्रशिक्षार्थीहरू उद्यमी बन्नेमा विश्वस्त रहेको बताउनुहुँदै आगामी दिनहरूमा पनि मन्त्रालयबाट उद्यमशिलता विकासमा विभिन्न तालिमहरूको लागि बजेट विनियोजन गर्ने विश्वास दिलाउनु भयो । प्रशिक्षकज्यूलाई प्रशिक्षण सामग्री प्रमुख अतिथि भरत गोपालीज्यूले हस्तान्तरण गर्नुभएको थियो । प्रशिक्षणमा विभिन्न जिल्लाका गरी १६ जना महिलाहरूलाई आवासीय प्रशिक्षण दिईने नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले बताउनुभयो । कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष सुरेन्द्र मान प्रधानज्यूको पनि उपस्थिति रहेको थियो । तालिम २०८० चैत्र १५ गतेदेखि २०८१ जेठ १५ गतेसम्म संचालन हुनेछ ।

## नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको सिकाई तथा अनुभव आदानप्रदान भ्रमण टोलीको स्वागत तथा छलफल कार्यक्रम सम्पन्न

**२०८१।१२।१७ गते**




नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका ३० वटा जिल्ला नगर उद्योग वाणिज्य संघहरूको सचिवालय प्रमुखहरू सहितको टोलीको स्वागत तथा छलफल कार्यक्रम हेटौंडामा सम्पन्न गरेको छ । सिकाई तथा अनुभव आदान प्रदान गर्ने उद्देश्यकासाथ कोशी प्रदेशका कार्यकारिणी सदस्य बिरेन्द्र साहज्यूको नेतृत्वमा आउनुभएका भ्रमण टोलीलाई बागमती प्रदेशले स्वागत गरेको हो । बागमती प्रदेश महासंघका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले स्वागत मन्तव्य राख्नुहुँदै भ्रमण कार्यक्रमले उद्योग वाणिज्य संघहरूले अन्य उद्योग वाणिज्य संघहरूको सचिवालय व्यवस्थापन, नियमित र विकासमूलक कार्यक्रम कार्यान्वयन, संस्थागत सुशासन, स्रोत व्यवस्थापन जस्ता विषयमा रहेका असल अभ्यास बारे जानकारी लिने र आफ्नो अनुभव एक आपसमा साट्ने महत्वपूर्ण माध्यम हुने बताउनुभयो । स्वागत तथा छलफल कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले बागमती प्रदेशले निर्वाह गर्दै आएको भूमिका र गतिविधिहरूको बारेमा प्रस्तुतिकरण दिनुभएको थियो भने कोशी प्रदेश महासंघको तर्फबाट कोशी प्रदेश महासंघका कार्यकारिणी सदस्य बिरेन्द्र साहज्यूले कोशी प्रदेशको गतिविधिहरू बारे प्रस्तुतिकरण दिनुभएको थियो । द एशिया फाउण्डेशनका कार्यक्रम अधिकृत नितिश श्रेष्ठज्यूले कोशी प्रदेश महासंघसंग सहकार्य गर्दै आएकोमा आगामी दिनमा बागमती प्रदेश महासंघसंग पनि जोडिन चाहेको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठज्यूले धन्यवादज्ञापनसहित समापन गर्नुभएको स्वागत तथा छलफल कार्यक्रममा बागमती प्रदेश महासंघका कोषाध्यक्ष कविराज खत्री, कार्यकारिणी सदस्य जीवनकाजी माकजु श्रेष्ठ, गीता अमात्य, लक्ष्मी खनाल, कोशी प्रदेश महासंघका कार्यकारी निर्देशक श्याम भण्डारी, द एशिया फाउण्डेशनका सन्दीप श्रेष्ठ, सिईओ प्रा.लि. का अनिरूद्र न्यौपानेज्यूलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा दुवै प्रदेश महासंघबाट एक अर्कालाई मायाको चिनो प्रदान गरिएको थियो । चैत्र १६ गतेदेखि २० गते ५ दिनसम्म हुने उक्त भ्रमण गर्ने क्रममा मधेश प्रदेशको लहान उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश, जनकपुर उद्योग वाणिज्य संघ, मकवानपुर उद्योग वाणिज्य संघ, पोखरा उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश, स्याङ्जा उद्योग वाणिज्य संघ, पाल्पा उद्योग वाणिज्य संघ, बुटबल उद्योग वाणिज्य संघ, सिद्धार्थ उद्योग वाणिज्य

संघ एवम् नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशलगायतमा पुग्ने कोशी प्रदेश महासंघका कार्यकारी निर्देशक श्याम भण्डारीज्यूले बताउनुभयो ।

**<u>बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८० भव्यतापूर्वक सम्पन्न</u>**

**<u>२०८०।१२।१८ र १९ गते</u>**



नेपाल सरकार बागमती प्रदेश उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम बमोजिम नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८० भव्य रूपमा हेटौंडामा सम्पन्न भएको छ । नेपाल सरकार बागमती प्रदेश उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी.ज्यूको सभाध्यक्षता, नेपाल सरकार बागमती प्रदेश सामाजिक विकास मन्त्री माननीय कुमारी मोक्तानज्यूको प्रमुख आतिथ्यता, हेटौंडा उपमहागनरपालिकाका प्रमुख मिनाकुमारी लामा र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश महिला उद्यमी विकास समितिका सभापति गीता अमात्यज्यूले बागमती प्रदेशका १३ वटै जिल्लाका महिला उद्यमीहरूलाई एकैथलोमा उपस्थित गराई सबै जिल्लाका उत्पादन, सो को बजारीकरण, स्थानीय र प्रदेश सरकारसंगको सहकार्य र स्थानीय बजारलगायत देश विदेशसम्म आफ्नो उत्पादित बस्तुको जानकारी एवम् प्रचार प्रसार र स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गरी महिलालाई आर्थिक सशक्तिकरणतर्फ अघि बढाउन, महिला दिदीबहिनीहरूलाई प्रोत्साहन गर्ने र महिला दिदीबहिनीहरूले उद्योग व्यवसाय शुरूवात र संचालन गर्दा भोग्नु परेका समस्याहरूको विषयमा बृहत छलफल गरी उक्त समस्याहरूको समाधानकालागि स्थानीय, प्रदेश र केन्द्र सरकारसम्म बुलन्द आवाज पुर्‍याउने उद्देश्यका साथ यो सम्मेलनको आयोजना गरिएको बताउनुहुँदै आगामी वर्षको बजेटमा महिला उद्यमीहरूको सशक्तिकरणमा विशेष जोड दिन आग्रह गर्नुभएको थियो ।

प्रमुख अतिथि माननीय कुमारी मोक्तानज्यूले अझै पनि पुरुषको तुलनामा महिलाहरूलाई उद्यमी बन्न सजिलो नभएको बताउनुभयो । घर व्यवहार पनि संगसंगै लैजाँदै उद्यमशिलता तर्फ अघि बढ्नु महिला दिदीबहिनीहरूले निकै नै चुनौती भोग्नुपर्ने बताउनुभयो । महिलालाई हरेक ठाउँमा सफल हुन दवाब रहेको बताउनुहुँदै उहाँले महिला उद्यमीहरूको सशक्तिकरणकालागि मन्त्रालयले हर सम्भव सहयोग गर्ने बताउनुभयो । स्थानीय कच्चा पदार्थहरूको समुचित प्रयोग, उद्यमशिलताको प्रवर्द्धन र बजारीकरणमा बढी जोड दिनुपर्नेमा विशेष जोड दिनुहुँदै प्रमुख अतिथि माननीय कुमारी मोक्तानज्यूले घरघरका गृहिणीहरूलाई पनि अब सीप सिकाई दक्ष बनाई उद्यमी बन्न प्रेरित गर्ने, बीउ पूँजी उपलब्ध गराउने, उद्यम दर्ता गर्न सहजीकरण गर्नेसम्मको ५ वर्षे कार्यक्रम बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको रहेको र यो कार्यक्रमले बागमती प्रदेशका गृहिणी महिलाहरूलाई उद्यमी बनाउन सहयोग पुग्ने विश्वास लिएको पनि बताउनुभएको थियो ।

हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामाज्यूले महिलाहरूलाई अनिवार्य रूपमा उद्यमशिलता तर्फ अघि बढाउनुपर्ने, महिलाहरूबाट उत्पादित बस्तु तथा सेवाहरूको ब्राण्डिङ्गमा विशेष ध्यान दिनुपर्ने र सीप सिकेका महिला दिदी बहिनीहरूलाई प्रोत्साहन गर्नुपर्ने वातावरण तयार गर्नुपर्नेमा विशेष जोड दिनुभएको थियो । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय कार्यकारिणी सदस्य तथा महिला उद्यमी विकास समितिका सभापति कमला श्रेष्ठज्यूले महिला दिदीबहिनीहरूले

उद्यमशिलतातर्फ अघि बढ्दा कमजोर नबनी आईपर्ने समस्याहरूलाई चिरेर सफल बन्न उद्यमी महिला दिदीबहिनीहरूलाई उत्प्रेरित गर्नुभयो । साथै महिला उद्यमीहरूको चुनौती तथा समस्याहरूलाई बुझिदिन सम्बन्धित मन्त्रालयहरूलाई आग्रह पनि गर्नुभयो ।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले महिला दिदीबहिनीहरूले उत्पादन गरेका सामग्रीहरूलाई निर्यातयोग्य बनाउन सके अझ आयआर्जन बढ्ने र थप रोजगारी श्रृजना हुने बताउनुभयो । साथै उत्पादित सामग्रीहरूको बजारीकरणमा सरकारको तर्फबाट पनि सहयोग हुनुपर्ने र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले सदैव महिला उद्यमीहरूको उद्यमशिलता एवम् समग्र वृत्ति विकासमा सहयोग गरिरहने बताउनुभयो । सभाध्यक्ष उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी.ज्यूले उद्योग मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलनको संयोजन नेउवामहासंघ बागमती प्रदेश महिला उद्यमी विकास समिति परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । महिला उद्यमीहरूले यस्ता कार्यक्रममा सहभागी हुँदा आफूमा मात्र सीमित नराखी सबै महिला उद्यमीहरूबीच नेटवर्किङ्ग गरेर अघि बढ्नुपर्ने बताउनुहुँदै उहाँले आगामी वर्ष पनि यस्तै सम्मेलनको फरक ढंगबाट आयोजना गरिने बताउनुभयो । महिलालाई स्वावलम्बी र स्वरोजगार बनाउने लक्ष्यले नै मन्त्रालयले कार्यक्रम बनाउने भएकोले महिला उद्यमीहरूले नै मन्त्रालयलाई सुझाव दिनु हुन अनुरोध पनि गर्नुभयो ।

समितिले बागमती प्रदेशका १३ वटै जिल्लाका महिला उद्यमीहरू समेटी बामगती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन आयोजना गरेको हो । बागमती प्रदेशका १३ वटै जिल्लाका गरी १५० जना महिला दिदीबहिनीहरूलाई समेटी प्रादेशिक राजधानी हेटौंडाको होटल एभोकाडो एण्ड अर्किड रिजोर्टमा चैत्र १८ र १९ गते भव्यतापूर्वक आयोजना गरिएको हो । सम्मेलनमा १३ वटै जिल्लाका २९ वटा उद्योग वाणिज्य संघहरू, उद्योग वाणिज्य कार्यालयहरू, नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश, बागमती प्रदेश सहकारी संघ लि. जस्ता संस्थाहरूसंग आवश्यक समन्वय गरी उद्यमी महिला दिदीबहिनीहरूलाई सहभागी गराईएको थियो । सम्मेलनमा १३ वटै जिल्लाका उद्यमी महिला दिदीबहिनीहरूबाट उत्पादित सामग्रीहरूको प्रदर्शनीको लागि स्टलहरू निर्माण गरी प्रदर्शनी तथा विक्री वितरण पनि गरिएको थियो ।

२ दिने उक्त सम्मेलनको पहिलो दिनको समुद्घाटन पश्चात विभिन्न तालुकात निकाय तथा विषयहरूमाथि प्रस्तुतिकरण तथा उठेका प्रश्नहरूको सवाल जवाफ कार्यक्रम आयोजना गरिएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ केन्द्रीय कार्यकारिणी सदस्य तथा स्टार्ट अप एण्ड ईनोभेसन फोरमका सभापति जुना माथेमाज्यूले स्टार्ट अप, इनोभेसन र ईन्क्युबेसनको विषयमा प्रस्तुतिकरण पेश गर्नुभएको थियो भने उठेका प्रश्नहरूको जवाफ पनि दिनुभएको थियो । उद्यमी बन्न चाहने महिला दिदीबहिनीहरूले कुनै पनि व्यवसाय शुरू गर्नुअघि अपनाउनु पर्ने कुराहरूको विषयमा प्रस्तुतिकरण केन्द्रीत रहेको थियो । त्यसैगरी उद्योग वाणिज्य कार्यालय मकवानपुरका प्रमुख अमृत श्रेष्ठज्यूले नेपाल सरकारले महिला दिदीबहिनीहरूले उद्यम संचालन गर्दा प्रदान गरेका छुट, नीति, नियम आदिका विषयमा प्रस्तुतिकरण पेश गर्नुभएको थियो भने सहभागीहरूले राख्नुभएको जिज्ञासाको जवाफ पनि दिनुभएको थियो ।

सामाजिक विकास मन्त्रालय बागमती प्रदेशका महिला विकास अधिकृत चन्द्राकुमारी व्यञ्जनकारज्यूले बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको परिचय र मन्त्रालयले महिलाहरूको सशक्तिकरणका लागि गरेका प्रयासहरूको विषयमा प्रस्तुतिकरण पेश गर्नुभएको थियो । सहभागीहरूबाट प्राप्त जिज्ञासाहरूको जवाफ दिनुहुँदै उहाँले महिलाको उद्यमशिलताको विकासको लागि आगामी वर्षको बजेटमा यथासक्य प्रयास रहने पनि बताउनुभएको थियो ।

त्यसैगरी दोश्रो दिनको प्रस्तुतिकरण पेश गर्ने क्रममा आन्तरिक राजश्व कार्यालय मकवानपुरका कर अधिकृत प्रेम तिम्सिनाज्यूले महिला उद्यमीहरूसंग सम्बन्धित करका प्रावधानहरूको विषयमा प्रस्तुतिकरण पेश गर्नुभएको थियो । कर सम्बन्धी बाधा व्यवधानहरूको विषयमा सहभागीहरूबाट उठेका प्रश्नहरूको जवाफ कर अधिकृत तिम्सिनाले दिनुभएको थियो । त्यसैगरी बैंक तथा वित्तिय संस्थाहरूको तर्फबाट कृषि विकास बैंक लि. हेटौंडाका ऋण अधिकृत प्रकाश ढुंगानाज्यूले महिला उद्यमशीलता सम्बन्धी कर्जाका प्रावधानहरू, सोको लागि गर्नुपर्ने कार्यहरूको विषयमा प्रस्तुतिकरण पेश गर्नुभएको थियो । महिला उद्यमीहरूले कर्जा लिँदाका बखत भोग्नु परेका समस्याहरूको विषयमा सहभागीहरूबाट उठेका प्रश्नहरूको जवाफ पनि उहाँले दिनुभएको

थियो । त्यसैगरी महिला जनस्वास्थ्य सम्बन्धी प्रस्तुतिकरणको लागि नेपाल अर्बुद रोग निवारण केन्द्र मकवानपुरका निवर्तमान अध्यक्ष कपिला जोशीज्यूले आफ्नो प्रस्तुतिकरण पेश गर्नुभएको थियो । विशेष गरी महिलाहरूमा हुने स्तन क्यान्सर र पाठेघरको क्यान्सरमा आधारित भएर प्रस्तुतिकरण पेश गर्नुभएका जोशीज्यूले यसको जाँच गर्ने तरिका, यसको रोकथाम, समयमै गर्नुपर्ने उपचार लगायतका विषयहरूमा महिला दिदीबहिनीहरूबाट उठेका जिज्ञासाहरूलाई शान्त पार्नुभएको थियो । त्यसैगरी मकवानपुरको दृश्या एण्ड आभ्या हस्तकला, गार्मेन्ट ढाका उद्योगका प्रोप्राईटर गीता मैनालीज्यूले आफ्नो अथक मेहनतपश्चात प्राप्त सफलताको विषयमा प्रस्तुतिकरण पेश गर्नुभएको थियो । आफ्नो जीवनमा उद्यमी बन्न गर्नुपरेका संघर्षका कथाहरूको विषयमा प्रस्तुतिकरण पेश गर्नुहुँदै उहाँले सफल उद्यमीको रूपमा आफूलाई उभ्याउन पाउँदा खुशी लागेको र आगामी दिनहरूमा पनि सबै महिलाहरू सफल भएको हेर्न चाहेको बताउनुभएको थियो ।

सम्मेलनकै अवसरमा नेपाल सरकार बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट बागमती प्रदेशभरिका उत्कृष्ट महिला दिदीबहिनीहरूलाई पुरस्कृत गरेकोमा सम्मेलनमा सहभागी हुन आउनुभएका तिनै उत्कृष्ट महिला दिदीबहिनीहरूलाई खादा र टिका लगाई सम्मान पनि गरिएको थियो । त्यसैगरी सम्मेलनमा आउनुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, प्रस्तुतिकरण पेश गर्नुहुने विभिन्न मन्त्रालय, कार्यालय, संघसंस्थाका महानुभावहरूलाई मायाको चिनो हस्तान्तरण गरिएको थियो । १३ जिल्लाका महिला उद्यमी दिदीबहिनीहरूले स्थानीय कच्चा पदार्थको प्रयोग गरि बनाईएका सामग्रीहरूलाई नै मायाको चिनो स्वरूप सबैलाई प्रदान गरिएको थियो । प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, प्रशिक्षकज्यूहरूलाई मायाको चिनो सभाध्यक्ष उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी.ज्यू, विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यू र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक गोविन्द सिग्देलज्यूले प्रदान गर्नुभएको थियो ।

## बागमती प्रदेशस्तरीय साना तथा लघु उद्यमीहरूलाई ई-कमर्स सम्बन्धी ३ दिने तालिम हेटौंडामा सम्पन्न २०८१।०१।२७ देखि २९ गते



साना तथा लघु उद्यमीहरूलाई डिजिटल युगको वर्तमान अवस्थामा ई-कमर्सको माध्यमबाट उद्योग व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यका साथ आयोजना गरिएको बागमती प्रदेशस्तरीय साना तथा लघु उद्यमीहरूलाई ई-कमर्स सम्बन्धी ३ दिने तालिम हेटौंडामा सम्पन्न भएको छ । नेपाल सरकार बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम अनुसार नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा आयोजित तालिम कार्यक्रमको उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री माननीय प्रकाश श्रेष्ठज्यूले समुद्घाटन गर्नुभएको थियो । नेपाल सरकार बागमती प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडाका निर्देशक गोविन्द सिग्देलज्यूको सभाध्यक्षता, नेपाल सरकार बागमती प्रदेश उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका माननीय मन्त्री प्रकाश श्रेष्ठज्यूको प्रमुख आतिथ्यता, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी.ज्यू र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठज्यूको विशिष्ट

आतिथ्यतामा भएको कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश लघु तथा घरेलु उद्योग समितिका सभापति लक्ष्मी खनालज्यूले बागमती प्रदेशका १३ वटै जिल्लाका साना तथा लघु उद्यमीहरूलाई एकैथलोमा उपस्थित गराई उहाँहरूलाई ई-कमर्स सम्बन्धी तालिम प्रदान गरी व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याउने हेतुले मन्त्रालयसंगको सहयोगका कार्यक्रम आयोजना गरिएको र आगामी दिनहरूमा पनि मन्त्रालयबाट यस्तै सहयोगको अपेक्षा रहेको बताउनुभयो । प्रमुख अतिथि उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका मन्त्री माननीय प्रकाश श्रेष्ठज्यूले साना तथा लघु उद्यमीहरूको व्यवसाय प्रवर्द्धनमा ई-कमर्सको महत्व बुझाउन र आर्थिक हिसाबले सबल र सक्षम बनोस् भन्ने अभिप्रायले यो कार्यक्रमको संयोजन गरेकोमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशलाई धन्यवादज्ञापन गर्नुभयो । बागमती प्रदेश क्षेत्रका साना तथा लघु उद्यमीहरूले आफ्नो व्यवसाय विकासमा डिजिटल प्रविधिको महत्व बुझाउने यो कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा आफू ढुक्क रहेको पनि उहाँले बताउनुभयो । संघीय, प्रादेशिक र स्थानीय सरकारबीच सामञ्जस्यता नहुँदा कानूनहरू बाझिनाले उद्योगी व्यवसायीहरू झनै कमजोर हुँदै गईरहेको बताउनुहुँदै उहाँले उद्योगी व्यवसायीहरूको योगदान राज्यले नबुझेको बताउनुभयो । निजी क्षेत्रलाई उत्साहित गर्ने वातावरण सरकारबाट हुन नसकेको आफूलाई लागेकोले निजी क्षेत्रले सरकारप्रति आशा जगाउने नीति तथा कार्यक्रमहरू ल्याउने प्रयास भईरहेको उहाँले बताउनुभयो । आगामी वर्ष यस्ता कार्यक्रमहरू थप जिल्लाहरूमा आयोजना गरिने गरी कार्यक्रम ल्याईने बताउनुहुँदै उहाँले यो कार्यक्रम त्यो प्रयासको शुरूवात भएको बताउनु भयो । आगामी वर्षका लागि उहाँले नेपाल उद्योग वाणिज्य महासघ बागमती प्रदेशसंग उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयसंग गर्ने कार्यक्रमहरूको विषयमा सुझावहरू पेश गर्न पनि आग्रह गर्नुभयो । त्यसैगरी विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठज्यूले राज्यले लगानी गरेका विभिन्न कार्यक्रमहरू अलपत्र परेको अवस्थामा निजी क्षेत्रसंग सहकार्य गरेर अघि बढ्न मन्त्रीज्यूको ध्यानाकर्षण गराउनुभयो । साना तथा लघु उद्यमीहरूको व्यवसाय विकासमा यी यस्ता कार्यक्रमहरू आयोजना गर्नुपर्ने र आगामी वर्ष यस्ता कार्यक्रमहरू जिल्लास्तरमा अगाडि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

सभाध्यक्ष नेपाल सरकार बागमती प्रदेश उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडाका निर्देशक गोविन्द सिग्देलज्यूले निर्देशनालयको वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेशस्तरीय साना तथा लघु उद्यमीहरूलाई ई-कमर्स सम्बन्धी तालिमको संयोजन नेउवामहासंघ बागमती प्रदेश लघु तथा घरेलु उद्योग समितिले गर्नुभएकोमा नेउवामहासंघ बागमती प्रदेश र लघु तथा घरेलु उद्योग समिति परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । तालिममा सहभागी उद्यमीहरूले यस्ता तालिम कार्यक्रममा सहभागी हुँदा आफूमा मात्र सीमित नराखी सबैलाई सिकाउँदै अघि बढ्नुपर्ने बताउनुहुँदै उहाँले आगामी वर्ष पनि यस्तै कार्यक्रमहरूको आयोजना गरिने बताउनुभयो । उद्योगीहरूलाई यो कार्यक्रमले आफ्नो उद्योग व्यवसाय प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने अपेक्षा लिएको बताउनु हुँदै उद्योग व्यवसाय प्रवर्द्धनका लागि मन्त्रालयले नीति तथा कार्यक्रम बनाउने भएकोले आगामी वर्ष पनि फरक ढंगका कार्यक्रमहरू ल्याईने बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले संयोजन गरेका कार्यक्रमहरू उपलब्धिमूलक भएको पाईएकोले आगामी दिनहरूमा पनि प्रदेश उद्योग वाणिज्य महासंघसंग सहकार्य गरेर कार्यक्रमहरू आयोजना गर्ने बताउनुभयो ।

तालिमको पहिलो दिनको समुद्घाटन पश्चात ४ जना प्रशिक्षकहरू सौरभ चालिसे, रोहन पौडेल, पियुष लाल श्रेष्ठ र विप्लव कार्कीज्यूले विषयसंग सम्बन्धित प्रस्तुतिकरण तीनै दिन पेश गर्नुभएको थियो । अन्तरक्रियात्मक रूपमा नै पेश गरिएको प्रस्तुतिकरणहरूमा नबुझेका कुराहरूलाई प्रशिक्षार्थीहरूलाई तुरून्तै बुझाउने कार्य गरिएको थियो भने प्रशिक्षार्थीहरूलाई थप सहज रूपमा बुझाउन विभिन्न कार्यदलहरू गठन गरी विविध कृयाकलापहरू आयोजना गरिएको थियो । प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक संगसंगै व्यावहारिक ज्ञान प्रदान गर्दै तालिम कार्यक्रम आयोजना गरिएको थियो ।

प्रमुख अतिथि उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका माननीय प्रकाश श्रेष्ठज्यूलाई उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक गोविन्द सिग्देलज्यू, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष विशिष्ट अतिथि गुणराज श्रेष्ठज्यू र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य तथा लघु तथा घरेलु उद्योग समितिका संयोजक लक्ष्मी खनालज्यूले संयुक्त रूपमा मायाको चिनो हस्तान्तरण गर्नुभएको थियो भने नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका

निर्देशक गोविन्द सिग्देलज्यूलाई मायाको चिनो हस्तान्तरण गर्नुभएको थियो । त्यसैगरी संयोजक लक्ष्मी खनालज्यूले कार्यक्रमलाई भव्यताका साथ सम्पन्न गर्न विशेष सहयोग पुऱ्याउनु हुने नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री, कार्यकारी निर्देशक विवेक मानन्धरज्यू र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अन्तर्गतको लघु तथा घरेलु उद्योग समितिका सह-संयोजक, सदस्य र आमन्त्रित सदस्यज्यू र प्रदेश महासंघका कर्मचारीहरूलाई प्रशंसा पत्र वितरण गर्नुभएको थियो ।

साथै कार्यक्रम समापनको समयमा प्रशिक्षकज्यूहरूलाई उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक गोविन्द सिग्देलज्यू, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यू र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य तथा लघु तथा घरेलु उद्योग समितिका संयोजक लक्ष्मी खनालज्यूले संयुक्त रूपमा मायाको चिनो हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रम २०८१ बैशाख २७ देखि २९ गतेसम्म बागमती प्रदेशको मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका, होटल एभोकाडो एण्ड अर्किड रिजोटमा आयोजना गरिएको थियो ।

बागमती प्रदेशका १३ वटै जिल्लाका २९ वटा जिल्ला नगर उद्योग वाणिज्य संघको समन्वयमा आउनुहुने उद्योग वाणिज्य संघका कार्यकारी सचिव/कार्यकारी निर्देशक/कार्यालय प्रमुख एवम् साना तथा लघु उद्यमीहरू, १३ वटै जिल्लाका उद्योग वाणिज्य कार्यालयको समन्वयमा आउनुहुने उद्यमीहरू, १३ वटै जिल्लाका नेपाल घरेलु तथा साना उद्योग महासंघको समन्वयमा आउनुहुने उद्यमीहरू र मकवानपुर बहुमुखी क्याम्पसमा आईटी विषय अध्ययनरत् विद्यार्थी भाइबहिनीहरूको तालिममा उपस्थिति रहेको थियो भने नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका पदाधिकारी तथा कार्यकारिणी सदस्यहरूको विशिष्ट आतिथ्यता रहेको थियो । तालिम कार्यक्रममा बागमती प्रदेशका १३ वटै जिल्लाबाट महिला ५९ र पुरूष ५० गरी १०९ जना साना तथा लघु उद्यमी प्रशिक्षार्थीहरूको उपस्थिति रहेको थियो । तालिम कार्यक्रमका सहभागी सम्पूर्ण प्रशिक्षार्थीहरूलाई आवासको पनि व्यवस्था गरिएको थियो ।

समापन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले वर्तमान समयमा आईटी वरदानसंगसंगै अभिसाप पनि भएकाले सचेत भएर अघि बढ्न जरूरी भएको बताउनुहुँदै सहभागीहरूकै सुझाव अनुसार आगामी दिनहरूमा अझ परिस्कृत कार्यक्रमहरू आयोजना गर्दै जाने बताउनुभयो । सहभागीहरूको तर्फबाट मन्तव्य राख्नु हुँदै प्रशिक्षार्थीहरू उद्योग वाणिज्य संघ खैरहनीका किरण बुर्लाकोटीज्यूले तालिममा धैरै कुराहरू सिक्न पाईएकोले आयोजक र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशलाई धन्यवाद व्यक्त गर्नुभयो । त्यसैगरी पनौतीका लघु उद्यमी अञ्जु रञ्जितज्यूले तालिमबाट सिकेको कुरालाई व्यवहारमा अनिवार्य लागू गर्नुपर्ने र आगामी दिनहरूमा पनि समतामूलक सहभागिताको अपेक्षा रहेको बताउनुभयो । त्यसैगरी सिन्धुलीका साना उद्यमी बिमला थापाज्यूले तालिममा नयाँ कुराहरू सिक्न पाउँदा आगामी दिनहरूमा आफ्नो व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास बढेको बताउनुभयो । मकवानपुर बहुमुखी क्याम्पसमा आईटी विषय अध्ययनरत् प्रशिक्षार्थी सुलभ पण्डितज्यूले क्याम्पसमा भन्दा बढी व्यावहारिक ज्ञान पाईएको र डिजिटल युगमा कसरी अघि बढ्न सकिन्छ भन्ने ज्ञान अभिबृद्धि भएको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य तथा लघु तथा घरेलु उद्योग समिति संयोजक लक्ष्मी खनालज्यूले उद्योगी व्यवसायी प्रशिक्षार्थीहरूलाई थोरै भए पनि आईटी सम्बन्धी ज्ञान प्रदान गर्न तालिम सफल भएको विश्वास व्यक्त गर्नुहुँदै सबै प्रशिक्षार्थीहरूले आफ्नो व्यवसाय विस्तारमा तालिममा सिकेका कुराहरूलाई प्रयोग गर्न आग्रह गर्नु भयो । प्रशिक्षकहरूको तर्फबाट मुख्य प्रशिक्षक सौरभ चालिसेज्यूले अहिलेको समय डिजिटल युगको समय भएकोले आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन घरैमा बसेर गर्न सकिने बताउनुहुँदै उहाँले सबै क्षेत्रमा आईटीको भूमिका महत्वपूर्ण हुदै गईरहेको बताउनुभयो । विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले उद्यमीले बस्तु उत्पादन गरेर मात्र नहुने बरू सो को बजारीकरणमा पनि ध्यान दिनुपर्ने बताउनुहुँदै अबको समयमा बजारीकरणको प्रमुख माध्यम नै अनलाईन र ई-कमर्स भएको बताउनुभयो । अहिलेको ई-कमर्सको युगमा यसैलाई प्रयोग गरेर अघि बढे सफलता हासिल गर्न सकिने बताउनु हुँदै उहाँले आगामी दिनहरूमा पनि प्रदेश सरकार र निजी क्षेत्रबीच यस्तै सहकार्य गरी थप कार्यक्रमहरू आयोजना गरिने बताउनुभयो ।

समापन समारोहमा उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक गोविन्द सिग्देलज्यू, नेपाल

उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यू र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य तथा लघु तथा घरेलु उद्योग समितिका संयोजक लक्ष्मी खनालज्यूले सबै प्रशिक्षार्थीहरूलाई खादा, प्रमाणपत्र र पेनड्राईभ संयुक्त रूपमा वितरण गर्नुभएको थियो ।

**३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई तालिम सम्पन्न**

**२०८१ जेठ १८ गते**




बागमती प्रदेश सरकार उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम बमोजिम नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा ३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई सम्बन्धी आवासीय तालिम थाहानगरपालिकामा सफलतापूर्वक सम्पन्न भएको छ । बागमती प्रदेश सरकार उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक गोविन्द सिग्देलज्यूको सभाध्यक्षता, थाहानगर पालिकाका प्रमुख विष्णु बहादुर विष्टज्यूको प्रमुख आतिथ्यता, बागमती प्रदेश उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी. ज्यूको विशिष्ट आतिथ्यतामा ३९० घण्टा भन्दा बढी अवधिको सिलाई कटाई तालिमको समापन कार्यक्रम आयोजना गरिएको थियो । विभिन्न जिल्लाका गरी १६ जना प्रशिक्षार्थीहरूलाई आवासीय रूपमा सिलाई कटाई तालिम प्रदान गरिएको हो । समापन कार्यक्रममा सबै १६ जना प्रशिक्षार्थीहरू एवम् प्रशिक्षकज्यूहरूलाई प्रमुख अतिथिज्यूले प्रमाणपत्र वितरण गर्नुभएको थियो भने सबै प्रशिक्षार्थीहरूलाई तालिममा सकृय रूपमा सहभागी भई सफलतापूर्वक प्रशिक्षण सुसम्पन्न गरेकोमा खादा एवम् टिका लगाई सम्मान पनि गरिएको थियो । समापन कार्यक्रममा मन्तव्य राख्नुहुँदै प्रमुख अतिथि विष्णु बहादुर विष्टज्यूले सबै प्रशिक्षार्थीहरूलाई उद्यमशिलता उन्मुख हुन सुझाव दिनुहुँदै सुखद भविष्यको कामना गर्नुभएको थियो । समापन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाल, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसाल, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट सन्तोष न्यौपाने, सुमन खतिवडालगायतको उपस्थिति रहेको थियो । समापन कार्यक्रममा उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी., थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालज्यूलगायतले मन्तव्य राख्नुभएको थियो ।

**उद्योगी व्यवसायीहरूसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न**

**२०८१ जेठ २० गते**

आ.व. २०८१/८२ को बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रमको विषयमा उद्योगी व्यवसायीहरूलाई जानकारी गराउने र उक्त नीति तथा कार्यक्रमको विषयमा छलफल एवम् उद्योगी व्यवसायीहरूको समस्याहरूको विषयमा अन्तरक्रियात्मक रूपमा छलफल गरी आगामी बजेटमा सुझाव दिने उद्देश्यका साथ उद्योगी व्यवसायीहरूसंग अन्तरक्रिया कार्यक्रम आयोजना




गरिएको छ । अन्तरक्रिया कार्यक्रमको समुद्घाटन बागमती प्रदेश उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी. ज्यूले पानसमा दीप प्रज्वलन गरी गर्नु भएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षता, बागमती प्रदेश उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी.ज्यूको प्रमुख आतिथ्यता, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व उपाध्यक्ष दिनेश श्रेष्ठ, नेउवामहासंघका केन्द्रीय कार्यकारिणी सदस्यहरू सविन श्रेष्ठ, अमरेश चन्द्र बैदार, मञ्जु कुमार कोजु श्रेष्ठ र ताराबहादुर कार्कीज्यूको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले वर्तमान अवस्थामा उद्योगी व्यवसायीहरू विभिन्न कारणले समस्यामा परिरहेको सन्दर्भमा आगामी बजेटमा निजी क्षेत्रका समस्याहरू सम्बोधन हुने विश्वास व्यक्त गर्नुभयो । बागमती प्रदेश सरकारको आगामी आ.व. का लागि आएको नीति तथा कार्यक्रमहरूमा निजी क्षेत्रसंग सहकार्य गर्दै अघि बढ्ने नीति राखिएकोमा खुशी व्यक्त गर्नुभयो । निजी क्षेत्र र सरकार संगसंगै अघि बढ्न सके समग्र राष्ट्रको विकासमा सहयोग पुग्ने पनि उहाँले बताउनुभयो । सम्मेलनको समुद्घाटनपश्चात उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका शाखा प्रमुख एवम् उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका योजना अधिकृत सुनिता गजुरेलज्यूले बागमती प्रदेश सरकारको आगामी आ.व. २०८१/८२ को उद्योग नीति तथा कार्यक्रमहरू बारे प्रस्तुतिकरण दिनु भएको थियो । उहाँले आगामी आ.व. को लागि विशेष गरी ११ वटा नीतिहरू उद्योग वाणिज्य क्षेत्रसंग सम्बन्धित भएको बताउनुभयो । विशेष गरी प्रादेशिक औद्योगिक तथा वाणिज्य नीतिहरूमा समसामयिक सुधारहरू गरिने, स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरी लगानीको वातावरण तयार गर्न लगानी बोर्ड गठनको कानूनी व्यवस्था हुने, लगानी दशकको घोषणा गरिने, निजी क्षेत्रसंग सहकार्य गरी स्टार्ट अप, प्रविधि हस्तान्तरण र परामर्श सेवासहितको उद्यमशिलता प्रवर्द्धन कार्यक्रम गरिने, इन्क्युबेसन र आईडिया ल्याब केन्द्रहरू स्थापना गरिने, वैज्ञानिक अनुसन्धान र नवप्रवर्द्धनको प्रवर्द्धन गरिने, सबै सरकारी कार्यालयहरूमा उपलब्ध भएसम्म स्वदेशी उत्पादनको प्रयोग गर्ने लगायतको नीतिहरू राखिएको उहाँले बताउनुभयो ।

प्रस्तुतिकरणपश्चात आयोजित छलफल कार्यक्रममा सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारिणी सदस्य प्रेमहरि मैनाली, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रोशनी मैंया धौवञ्जाज्यूले उद्योग व्यवसायमा परेको समस्याहरू उजागर गर्नुभएको थियो । विशेष गरी सबै जिल्लामा नापतौल कार्यालय स्थापना नभएको कारण उद्योगी व्यवसायीहरूले भोग्नु परिरहेको समस्या, रूग्ण उद्योग संचालनमा समस्या, डिमाण्ड शुल्क समस्या, अनावश्यक बजार अनुगमन, अनावश्यक राजस्व अनुगमन, काठमाडौं उपत्यकामा ढुवानीका गाडी रोक्न नपाउने समस्या, सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नयाू औद्योगिक क्षेत्रहरू संचालन गरिनुपर्ने, फर्म नविकरणका चर्को जरिवाना दरहरू कम गरिनुपर्ने, क्रसर उद्योगहरू पुन: संचालन हुनुपर्ने, कच्चा पदार्थको भन्सार दर तयारी बस्तुको भन्दा दुई तह कम हुनुपर्ने लगायतका सुझावहरू प्राप्त भएका थिए । साथै सिन्धुली उद्योग वाणिज्य संघ, मकवानपुर उद्योग वाणिज्य संघ, नेपाल उद्योग वाणिज्य संघ काठमाडौं, रामेछाप उद्योग वाणिज्य संघ र चितवन उद्योग वाणिज्य संघहरूका अध्यक्षज्यूहरूले उद्योगी व्यवसायीहरूको साझा समस्याहरू लिखित रूपमा प्रमुख अतिथि राजेन्द्र कुमार के.सी.ज्यूलाई हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा बागमती प्रदेश उद्योग परिसंघका उपाध्यक्ष स्वागतराज प्याकुरेल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय कार्यकारिणी सदस्य अमरेश चन्द्र बैदार, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व उपाध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठज्यूलगायतले नीति तथा कार्यक्रमको विषयमा

आ-आफ्नो मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी.ज्यूले सरकार एक्लैको प्रयासले देश परिवर्तन नहुने सरकारले बुझिसकेको बताउनुहुँदै आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा ११ वटा बुँदा उद्योग वाणिज्य क्षेत्रसंग सम्बन्धित रहेको बताउनुभयो । निजी क्षेत्रसंगको सहकार्य गर्दै अघि बढ्ने कार्यक्रमहरू आगामी वर्ष आउने बताउनुहुँदै उहाँले व्यवसाय मैत्री वातावरण तयार गर्न मन्त्रालय पछि नहट्ने बताउनुभयो । उद्योग वाणिज्य संघहरूबाट प्राप्त उद्योगी व्यवसायीका समस्या एवम् सुझावहरूलाई मनन गरी सोको समाधानमा मन्त्रालय प्रयासरत् रहने बताउनुहुँदै उहाँले उद्योग व्यवसाय सहज ढंगमा संचालन हुने वातावरण तयार गर्न कुनै कसर नछोडिने बताउनुभयो । प्रदेश सरकारले मात्र सबै समस्याहरू सम्बोधन गर्न नसकिने भएकोले केन्द्र सरकारसंग पनि उद्योगी व्यवसायीहरूको समस्या समाधानमा पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अन्तरक्रिया कार्यक्रमको समापन उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय बागमती प्रदेशका महाशाखा प्रमुख महेशराज पौडेलज्यूले गर्नुभएको थियो । कार्यक्रममा बागमती प्रदेश महासंघका पदाधिकारी, कार्यकारिणी सदस्यज्यूहरू, बागमती प्रदेशका १३ वटै जिल्लाका विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघहरूका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू, विभिन्न बस्तुगत संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू, सरोकारवाला संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू, कर्मचारीहरू समेत गरी १०७ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका महाशाखा प्रमुख महेश प्रसाद पौडेल, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक पुष्कर चन्द्र घिमिरे, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसाललगायतको आतिथ्यता रहेको थियो । उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम अनुसार आयोजना गरिएको उक्त कार्यक्रमको संयोजन नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेशले हेटौंडाको एभोकाडो एण्ड अर्किड रिजोटमा गरेको थियो ।

## सरकारसंगको सहकार्यमा निजी क्षेत्रको प्रतिबद्धता

**२०८१ जेठ २० गते**



बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रले पनि ऐक्यबद्धता जाहेर गरेका छन् । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको आयोजना एवम् नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको संयोजनमा २०८१ जेठ २० गते हेटौंडामा भएको अन्तरक्रिया कार्यक्रममा बागमती प्रदेशका सबै जिल्ला नगर उद्योग वाणिज्य संघहरूले प्रतिबद्धता जाहेर गरेका हुन् । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षता एवम् बामगती प्रदेश सामाजिक विकास मन्त्री माननीय कुमारी मोक्तानज्यूको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यक्रमका टिम लिडर सुवास सुवेदीज्यूले राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको महत्व, सीप परिक्षण र रोजगारी प्रवर्द्धनमा निजी क्षेत्रको भूमिका विषयक प्रस्तुतिकरण पेश गर्नुभएको थियो । त्यसैगरी राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यक्रमका अधिकृत सुक बहादुर चौधरीज्यूले हालसम्म यस कार्यक्रमका लागि निजी क्षेत्रले पुऱ्याएको सहयोगको विषयमा जानकारी प्रदान गर्नुभएको थियो । अन्तरक्रिया कार्यक्रममा माननीय कुमारी मुक्तानज्यूले प्रदेश सरकार दक्ष जनशक्ति उत्पादनमा लागिपरेको र सीप वर्ष घोषणा गर्ने तयारी भईरहेको बताउनुभयो । सबै क्षेत्रमा दक्ष जनशक्ति पुऱ्याउन तीनै तहका सरकार र निजी क्षेत्रले छलफल गरी सहकार्य गर्नुपर्ने

भएकोले आगामी वर्ष निजी क्षेत्रसंग जोडेर बजेट आउने आश्वासन दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व उपाध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठज्यूले राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको विकासले दक्ष जनशक्ति देशमै प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । त्यसैगरी सामाजिक विकास मन्त्रालय बागमती प्रदेशका सचिव राजन पौडेलज्यूले सरकारको सबै कार्यक्रमहरू निजी क्षेत्रको साथ विना अघि बढ्न नसक्ने प्रष्ट पार्नुभयो । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशका अधिकृत खुबिराम अधिकारीले संचालन गर्नुभएको कार्यक्रममा स्वागत मन्तव्य महाशाखा प्रमुख श्रीधर नेपालले राख्नुभएको थियो । समापन मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले निजी क्षेत्रसंगको सहकार्यमा मात्रै कुनै पनि राष्ट्र अघि बढ्न सक्ने बताउनुभयो । समापन मन्तव्यपश्चात अध्यक्ष श्रेष्ठज्यूले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभए लगत्तै सबै जिल्ला नगर उद्योग वाणिज्य संघ तथा वस्तुगत संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरुले प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

## दोश्रो राष्ट्रिय पर्यटन सम्मेलन तथा फोटोग्राफी प्रतियोगिता सम्पन्न
## २०८१ जेठ २५ र २६ गते



अठोट नेपाल तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश पर्यटन विकास समितिको आयोजनामा प्रिजेन्टिङ्ग नेपाल दोश्रो राष्ट्रिय पर्यटन सम्मेलन तथा फोटोग्राफी प्रतियोगिता सम्पन्न भएको छ । काठमाण्डौको भृकुटीमण्डप स्थित पर्यटन बोर्डको सभाहलमा सम्पन्न भएको कार्यक्रममा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । नेपालको पर्यटन प्रवर्द्धनका लागि विगतका वर्षमा पनि यस प्रकारको कार्यक्रम गरेको यो संस्थाले यो पटक दोश्रो संस्करणको रूपमा सम्पन्न गरेको हो । यो पटक पहिलो दिन नेपालको पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि तथा डिजिटल प्रविधिबाट नेपालको पर्यटनलाई कसरी प्रवर्द्धन गर्ने भन्ने विषयमा प्यानल डिस्कसन गरेको थियो भने दोश्रो दिन फोटोग्राफी प्रतियोगिता सम्पन्न गरिएको थियो । फोटोग्राफी अन्तर्गत फेष्टिबल/कल्चर, नेचर/ईन्भाईरोमेन्ट, पिपुल/लाईफस्टाईल र वाईल्डलाईफ/वर्ल्ड गरी चार विधामा प्रतिस्पर्धा भएको थियो । प्रत्येक विधाका विजेतालाई नगद ५० हजार राशि सहित प्रमाण पत्र पनि वितरण गरिएको थियो । उक्त कार्यक्रममा पर्यटन मन्त्री माननीय हितबहादुर तामाङज्यूले नेपालको पर्यटन प्रवर्द्धन गर्न डिजिटलाईजेशन जरूरी रहेको र फोटो तथा भिडियोको मुख्य भूमिका रहेको बताउनुभएको थियो । साथै यसलाई प्रवर्द्धनका लागि मन्त्रालयस्तरबाट गर्नुपर्ने सहयोग र भूमिकामा कुनै कसर नराख्ने पनि उहाँले बताउनुभएको थियो ।

यसैगरी नेपालका लागि पाकिस्तानका राजदुत महामहिम अबरार एच. हास्मीले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ गर्नमा पर्यटन तथा संस्कृतिको महत्वपूर्ण भूमिका हुने तथा यस किसिमको कार्यक्रमले अझ बढी भूमिका खेल्ने बताउनुभयो । साथै यस कार्यक्रममा सहभागी हुन पाउँदा आफूलाई निकै खुशी लागेको बताउनुभयो ।

फोटो प्रतियोगितामा देशभरका करीब ४०० फोटोग्राफरहरूका १५०० फोटोहरू प्रतियोगितामा सामेल गरिएका थिए भने यो फोटोहरूबाट नै सात प्रदेशका फोटोहरू प्रदर्शनीमा राखिएका थिए ।

उक्त कार्यक्रममा पर्यटन मन्त्री माननीय हितबहादुर तामाङ, नेपालका लागि पाकिस्तानका राजदुत महामहिम अबरार एच. हास्मी, लुम्बिनी विकास कोषका सद्भावना दुत तथा एभरेष्ट म्याराथनका परिकल्पनाकार बिक्रम पाँडे काजी, नेपाल पर्यटन बोडका निर्देशक लक्ष्मण गौतम, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूलगायतले मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा पर्यटन व्यवसायी, सञ्चारकर्मी र फोटोग्राफी प्रतियोगिताका प्रतियोगीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम अठोट नेपालका अध्यक्ष देवेन्द्र सिं ठकुरीको अध्यक्षता भएको थियो भने कार्यक्रमको संयोजन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश पर्यटन विकास समिति सभापति राज्यलक्ष्मी शाक्यज्यूले गर्नुभएको थियो ।

**व्यावसायिक सदस्य संस्थाका रणनीति निर्माण सम्बन्धी तालिम सम्पन्न**

**२०८१ असार १२-१४ गते**



जिआईजेड ग्रेप परियोजनाको आर्थिक सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघले व्यावसायिक सदस्य संस्थाका रणनीति निर्माणका लागि सहजीकरण गर्न सहजकर्ता हरूको तालिम पोखरामा आयोजना गरेको छ । सातै प्रदेशका कार्यकारी निर्देशक र विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघहरूका कार्यकारी प्रमुख एवम् पदाधिकारीहरूलाई लक्षित गरी सहजकर्ताहरूको तालिम आयोजना गरिएको हो । असार १२ गतेदेखि १४ गतेसम्म संचालित ३ दिने तालिममा जिआईजेड ग्रेपको तर्फबाट दिलिप गुरूङ्ग र दिप्ती खरेलले सहभागीहरूलाई सहजीकरण सम्बन्धी तालिम प्रदान गरेका थिए । तालिमको उद्घाटन सत्रमा आफ्नो मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्यज्यूले प्रदेश अन्तर्गतका सम्पूर्ण जिल्ला नगर उद्योग वाणिज्य संघहरूको कार्ययोजना गोष्ठी बनाउन र सोको अनुगमनको जिम्मेवारी प्रदेशलाई नै प्रदान गर्ने हेतुले तालिम कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष अमृत भट्टचन र पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापतिज्यूले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्ययोजना गोष्ठी संचालन गर्दा अपनाउनु पर्ने दिशानिर्देशहरूको विषयमा तालिम केन्द्रीत रहेको थियो । पोखराको बाराही होटलमा आयोजित उक्त तालिमपश्चात सबै १९ जना सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो । तालिमले आगामी दिनहरूमा कार्ययोजना गोष्ठी आयोजना गर्न आत्मविश्वास बढेको सबै प्रदेशका कार्यकारी निर्देशक र सहभागीहरूले बताएका छन् ।

**सामाजिक विकास मन्त्रालयको राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम भक्तपुरमा सम्पन्न**

**२०८१ असार १६ गते**

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गत कार्यान्वयनमा रहेको राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको कार्यक्रम अनुसार राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसंगको सहकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम भक्तपुर उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरिएको छ । अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, यसको आवश्यकता र अन्तर्राष्ट्रिय अभ्यास, यसको कार्यान्वयनमा प्रदेश सरकार र निजी क्षेत्रको भूमिका र रोजगारदाता सम्बन्धी अनलाईन डाटाबेस सिष्टमको विषयहरूमाथि चर्चा गरिएको थियो। सामाजिक विकास मन्त्रालयको आयोजना, नेपाल उद्योग वाणिज्य



महासंघ बागमती प्रदेशको संयोजन र भक्तपुर उद्योग वाणिज्य संघको सहकार्यमा आयोजित अभिमुखीकरण कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैरेज्यूले आगामी दिनहरूमा निजी क्षेत्रसंग थप सहकार्य गर्दै अघि बढ्ने र सोको लागि निजी क्षेत्रको सहयोग अपरिहार्य रहेको बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले सरकारले शुरू गरेको यो प्रणालीले अन्ततगोत्वा निजी क्षेत्रलाई नै सहयोग पुग्ने भएकोले सबै उद्योगी व्यवसायीहरूलाई सहयोग गर्न आग्रह गर्नुभयो । साथै जिल्ला नगर उद्योग वाणिज्य संघहरूको सहकार्यमा यो कार्यक्रमलाई प्रभावकारी बनाउन मन्त्रालयबाट सहयोगको अपेक्षा पनि गर्नुभयो । भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रोशनी मैंया धौबञ्जाज्यूले स्वागत मन्तव्य राख्नुभएको छलफल कार्यक्रममा सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक योग्यता प्रणाली परियोजनाका प्राविधिक संयोजक सुक बहादुर चौधरीज्यूले राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनमा सामाजिक विकास मन्त्रालयले गरेका प्रयासहरू, योग्यता प्रणालीको संक्षिप्त परिचय, निजी क्षेत्रको भूमिका, आरपिएल प्रविधि बाट सीप परीक्षण र रोजगारीको लागि अनलाईन डाटाबेस सिष्टमको विषयमा प्रस्तुतिकरण दिनुभएको थियो । सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख खुबीराम अधिकारीज्यूले संचालन गर्नुभएको कार्यक्रमको समापन भक्तपुर उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष कृष्ण मुरारी न्यौपानेज्यूले गर्नुभएको थियो । छलफल कार्यक्रममा सहभागीहरूबाट उठेका जिज्ञासाहरू सुक बहादुर चौधरी र खुबीराम अधिकारीज्यूले जवाफ दिनुभएको थियो । कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य संघका पदाधिकारी, कार्यसमिति सदस्य एवम् विभिन्न उद्योगी व्यवसायी र बस्तुगत संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिज्यूहरू गरी ६५ जनाको व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

**उद्योगी व्यवसायीहरूले राहतको साँस फेर्न पाउने**

**२०८१ श्रावण ४ गते**

अन्ततगोत्वा उद्योगी व्यवसायीहरूले राहतको साँस फेर्न पाउने भएका छन् । विगतमा कुनै पनि उद्योग वा व्यवसायको नविकरण एवम् जरिवाना शुल्क दर्ता दस्तुरको ३०० प्रतिशतसम्म कायम रहेकोमा यसै आ.व. बाट उक्त शुल्कहरूलाई उल्लेखनीय रूपमा कम गर्न सफल भईएको हो । बागमती प्रदेश मन्त्रालयस्तरीय राजश्व परामर्श समितिको बैठकमा विशेष गरी नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको पटक पटकको अथक प्रयासपश्चात यो व्यवस्था लागू गर्न सकिएको हो । त्यसैगरी प्राईभेट फर्म, साझेदारी फर्म तथा व्यवसाय गर्ने कम्पनीहरूको दर्ता दस्तुर रकम पनि नबढाईकन साविककै राखिएको छ । साथै लामो समयदेखि फर्म दर्ता गरी नविकरण नगरेका उद्योग, प्राईभेट तथा साझेदारी फर्म र व्यवसायले प्रदेश आर्थिक ऐन २०८१ को दफा १५ को उपदफा १, २ र ३ बमोजिम आ.व. ०७७/७८, ०७८/७९ र ०७९/८० को नविकरण दस्तुर र जरिवाना यही २०८१ पौष मसान्तभित्र बुझाएमा सो भन्दा अघिका वर्षहरूमा बुझाउनुपर्ने जरिवाना मिनाहा गरी नविकरण दस्तुरमा पनि ५० प्रतिशत छुट प्रदान गरिने व्यवस्था गरिएको छ ।

प्रदेश आर्थिक ऐन २०८१ को दफा १५ को उपदफा १ र २ बमोजिम कुनै महिला, अपाङ्गता भएको व्यक्ति वा दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको व्यक्तिले कुनै प्राईभेट फर्म रजिष्ट्रेशन गर्न चाहेमा प्रचलित कानून बमोजिम उक्त फर्म रजिष्ट्रेशन गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट पाईनेछ तर यसको लागि नेपाल सरकारको निकाय वा स्थानीय तहबाट पहिचान खुल्ने प्रमाण पेश गर्नुपर्ने हुन्छ । साथै कम्पनीहरू उद्योग वाणिज्य कार्यालयमा दर्ता हुन जाँदा उद्योग तथा व्यापारिक

फर्महरूलाई पूँजी अनुसार तपसील बमोजिम दर्ता दस्तुर लाग्नेछ भने दर्ता/नविकरण अवधि ५ वर्षको हुनेछ ।

यो सुवर्ण अवसरको सदुपयोग गर्नु हुन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश सम्बन्धित उद्योगी व्यवसायीहरूमा हार्दिक अनुरोध पनि गर्दछौं ।

**प्राईभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको दर्ता तथा नविकरण दस्तुर**

| सि. नं. | पूँजी रकम | दस्तुर रकम | नविकरण दस्तुर | जरिवाना (नविकरण दस्तुरमा थप हुने) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३५ दिन भित्र | ३ महिना भित्र | ६ महिना भित्र | १ वर्ष भित्र | १ वर्ष नाघेपछि हरेक वर्ष |
| १ | १ लाखसम्म | १००० | ६०० | १५० | ३०० | ४५० | ६०० |
| २ | १ लाखभन्दा बढी ३ लाखसम्म | ३००० | १००० | २५० | ५०० | ७५० | १००० |
| ३ | ३ लाखभन्दा बढी ५ लाखसम्म | ६००० | १६०० | ४०० | ८०० | १२०० | १६०० |
| ४ | ५ लाखभन्दा बढी २० लाखसम्म | १२००० | ३००० | ७५० | १५०० | २२५० | ३००० |
| ५ | २० लाखभन्दा बढी ५० लाखसम्म | २०००० | ५००० | १२५० | २५०० | ३७५० | ५००० |
| ६ | ५० लाखभन्दा बढी १ करोडसम्म | २८००० | ६५०० | १६२५ | ३२५० | ४८७५ | ६५०० |
| ७ | १ करोडभन्दा बढी ३ करोडसम्म | ३६००० | ८००० | २००० | ४००० | ६००० | ८००० |
| ८ | ३ करोडभन्दा बढी ५ करोडसम्म | ४४००० | ११००० | २७५० | ५५०० | ८२५० | ११००० |
| ९ | ५ करोडभन्दा बढी १० करोडसम्म | ५२००० | १५००० | ३७५० | ७५०० | ११२५० | १५००० |
| १० | १० करोडभन्दा बढी | ६०००० | २०००० | ५००० | १०००० | १५००० | २०००० |

**साझेदारी फर्म तथा व्यवसाय गर्ने कम्पनीको दर्ता तथा नविकरण दस्तुर**

| सि. नं. | पूँजी रकम | दस्तुर रकम | नविकरण दस्तुर | जरिवाना (नविकरण दस्तुरमा थप हुने) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३५ दिन भित्र | ३ महिना भित्र | ६ महिना भित्र | १ वर्ष भित्र | १ वर्ष नाघेपछि हरेक वर्ष |
| १ | १ लाखसम्म | १००० | ३०० | ७५ | १५० | २२५ | ३०० |
| २ | १ लाखभन्दा बढी ३ लाखसम्म | ३००० | ४०० | १०० | २०० | ३०० | ४०० |
| ३ | ३ लाखभन्दा बढी ५ लाखसम्म | ६००० | ७०० | १७५ | ३५० | ५२५ | ७०० |
| ४ | ५ लाखभन्दा बढी २० लाखसम्म | १२००० | १२०० | ३०० | ६०० | ९०० | १२०० |
| ५ | २० लाखभन्दा बढी ५० लाखसम्म | २०००० | २००० | ५०० | १००० | १५०० | २००० |
| ६ | ५० लाखभन्दा बढी १ करोडसम्म | २८००० | ३००० | ७५० | १५०० | २२५० | ३००० |
| ७ | १ करोडभन्दा बढी ३ करोडसम्म | ३६००० | ४००० | १००० | २००० | ३००० | ४००० |
| ८ | ३ करोडभन्दा बढी ५ करोडसम्म | ४४००० | ५००० | १२५० | २५०० | ३७५० | ५००० |
| ९ | ५ करोडभन्दा बढी १० करोडसम्म | ५२००० | ६००० | १५०० | ३००० | ४५०० | ६००० |
| १० | १० करोडभन्दा बढी | ६०००० | ७००० | १७५० | ३५०० | ५२५० | ७००० |

## नेउवामहासंघ बागमती प्रदेश महिला उद्यमी विकास समितिको बैठक सम्पन्न

**२०८१ श्रावण २४ गते**



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको महिला उद्यमी विकास समितिको बैठक काठमाडौं स्थित होटल याक एण्ड यतिमा सम्पन्न गरिएको छ । समितिका सभापति गीता अमात्यज्यूको सभापतित्वमा बसेको बैठकले गत वर्ष गरिएका कार्यक्रमको समिक्षा, यस वर्ष आयोजना गर्ने कार्यक्रमहरूको विषयमा छलफल र थप २ सदस्य मनोनयन गरेको छ । यस वर्ष नेपाल राष्ट्र बैंकसंगको सहकार्यमा महिला उद्यमी वित्तिय साक्षरता कार्यक्रम आयोजना गर्ने, त्यसैगरी बागमती प्रादेशिक मन्त्रालयहरूसंगको सहकार्यमा महिला उद्यमीहरूको उत्पादनहरूको प्रतियोगितात्मक प्रदर्शनी र महिला उद्यमीहरूलाई लेबलिङ्ग, प्याकेजिङ्ग र ई-कमर्शको संयुक्त तालिम प्रदान गर्ने निर्णय गरिएको छ । त्यसैगरी महिला उद्यमीहरूको बस्तुस्थिति बुझ्न विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघहरूसंगको समन्वयमा भ्रमण कार्यक्रम पनि आयोजना गरिने निर्णय गरिएको छ ।

## हेटौंडा उपमहानगरपालिकाद्वारा अस्वाभाविक तवरबाट गरिएको कर वृद्धिको विरोधमा नेउवामहासंघ बागमती प्रदेशको समर्थन र ऐक्यबद्धता

**२०८१ श्रावण ३० गते**

हेटौंडा उपमहानगरपालिकाद्वारा आ.व. ०८१/८२ का लागि तोकिएको विभिन्न करका शीर्षकहरूमा २० प्रतिशतदेखि १५० प्रतिशतसम्म बृद्धि गरिएको छ । उक्त अस्वाभाविक वृद्धि प्रति मकवानपुर उद्योग वाणिज्य संघले सो को विरोध गर्दै विभिन्न आन्दोलनका कार्यक्रमहरू आयोजना गर्ने निर्णय गरेको थियो । उक्त विरोधमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले पनि प्रेस विज्ञप्ति जारी गर्दै उक्त विरोधको समर्थन र ऐक्यबद्धता जनाएको छ । कोभिडले थलिएर विस्तारै उठ्ने कोशिश गरिरहेका उद्योगी व्यवसायीहरूलाई विभिन्न छुटहरू दिएर प्रोत्साहन दिनुको साटो अस्वाभाविक कर बृद्धि गरिनु उचित नभएको निष्कर्ष निकाल्दै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले प्रेस विज्ञप्ति जारी गरेको थियो । विभिन्न चरणका आन्दोलनपश्चात हेटौंडा उपमहानगरपालिकासंगको छलफलले १० बुँदे सहमति गरिएको छ । कार्यपालिकाको बैठकमा उक्त सहमतिका विषयहरूको उचित सम्बोधन गर्न/गराउन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश हेटौंडा उपमहानगरपालिकासंग हार्दिक अनुरोध गर्दछ ।



नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

नेपाल उद्योग वाणिज्य महासंघ - बागमती प्रदेशको
प्रेस विज्ञप्ति
२०८१ श्रावण ३० गते

विश्वव्यापी कोभिड महामारीले शिथिल भएको निजी क्षेत्र विस्तारै अघि बढ्दै गरेको अवस्था जगजाहेर नै छ । राष्ट्रको विकासमा निजी क्षेत्र पनि एउटा दरिलो खम्बा हो भन्ने राज्यले भने आफै निजी क्षेत्रलाई निरन्तर प्रहार गर्दै आईरहेको हामीलाई लागेको छ। निजी क्षेत्रले राष्ट्रको अर्थतन्त्रमा कसरी योगदान गरिरहेको छ भन्ने बुझेरै पनि होला राज्यले निजी क्षेत्रलाई नै बढी चेपुवामा पार्दै गईरहेको अनुभूति निजी क्षेत्रले गर्दै आईरहेको छ । आर्थिक तरलताले निजी क्षेत्र जति चलायमान हुनुपर्ने हो त्यो हुन नसकिरहेको, बैंक तथा वित्तिय संस्थाहरुबाट अपेक्षा अनुसार ऋण प्रवाह नभईरहेको, मुद्रास्फिती झन् झन् बढ्दै गईरहेको, कच्चा पदार्थ तथा बेलाबेलामा हुने ईन्धनको मूल्यबृद्धिका कारण बजार भाउ निरन्तर उकालो लाग्दै गईरहेको, महंगीका कारण आम सर्वसाधारण समेत प्रताडित हुनु परिरहेको यो अवस्थामा कतिपय व्यवसायीहरु व्यवसायबाट नै पलायन भईसकेको अवस्था छ ।

यस्तो विषम परिस्थितिबाट गुज्रिरहेका उद्योगी व्यवसायीहरुलाई थप आक्रान्त बनाउने उद्देश्यले हेटौडा उपमहानगरपालिकाले आ.व. २०८१/८२ को विभिन्न शीर्षकका राजश्व दरहरु १५० प्रतिशतसम्म बृद्धि गर्नुले समस्त निजी क्षेत्रलाई नै सशंकित तुल्याएको छ । वर्तमान जर्जर अवस्थामा रहेका उद्योगी व्यवसायी तथा आम सर्वसाधारण समेतलाई मध्यनजर गर्दै हेटौडा उपमहानगरपालिकाबाट एकपक्षीय रुपमा गरिएको यो अस्वाभाविक राजश्वका दर बृद्धिको मकवानपुर उद्योग वाणिज्य संघबाट गरिएको विरोधमा यस नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको पनि साथ, सहयोग र ऐक्यबद्धता रहेको सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशकै सक्रिय पहल एवम् पैरवीमा आ.व. २०८१/८२ बाट बागमती प्रदेशभरिका उद्योग व्यवसाय नविकरण गर्दा लाग्ने दस्तुर तथा जरिवानाहरुमा उल्लेखनीय रुपमा छुट प्रदान गर्न सफल भएकोमा स्थानीय सरकारको रुपमा रहेको हेटौडा उपमहानगरपालिकाले भने करको दायरा बढाउनुको साटो करका दरहरु अस्वाभाविक रुपमा बृद्धि गर्नु लज्जास्पद रहेको हामीलाई लागेको छ । आम सर्वसाधारणदेखि साना, लघु तथा घरेलु, मझौला उद्योगीहरुसम्मलाई यो अस्वाभाविक करका दर बृद्धिले थप प्रताडित गर्ने स्पष्टै छ । मकवानपुर उद्योग वाणिज्य संघलगायत निजी क्षेत्रका विभिन्न वस्तुगत संघसंस्थाहरुले हेटौडा उपमहानगरपालिका कार्यालयको यो कर बृद्धि यथाशीघ्र फिर्ता लिन गरेको आन्दोलनमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको पूर्ण समर्थन रहेको यसै विज्ञप्ति मार्फत जानकारी गराईन्छ । साथै हेटौडा उपमहानगरपालिका कार्यालयलाई पनि कर बृद्धि फिर्ताको लागि हार्दिक अपील गर्दै उद्योगी व्यवसायीहरु र आम सर्वसाधारणलाई सहज ढंगमा काम गरेर खाने वातावरण तयार गरिदिन हार्दिक अनुरोध गर्दछौं ।

दिल सुन्दर श्रेष्ठ
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ - बागमती प्रदेश

हुप्रचौर, हेटौडा-४
मकवानपुर, नेपाल
फोन: ०५७-५९१२६०
E-mail: fnccibagmatiprovince@gmail.com

STOP Child Labour

## नेउवामहासंघ बागमती प्रदेश लघु, घरेलु तथा साना उद्योग समितिको अनलाईन बैठक सम्पन्न

**२०८१ भाद्र २ गते**




नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको लघु, घरेलु तथा साना उद्योग समितिको अनलाईन बैठक सम्पन्न गरिएको छ । समितिका सभापति लक्ष्मी खनालज्यूको सभापतित्वमा बसेको बैठकले गत वर्ष गरिएका कार्यक्रमको समिक्षा, यस वर्ष आयोजना गर्ने कार्यक्रमहरूको विषयमा छलफल र थप २ सदस्य मनोनयन गरेको छ । गत वर्ष आयोजना गरिएको कार्यक्रमहरूमा मितव्ययिता अपनाउन नसकिएको, यस वर्ष त्यस्तै कार्यक्रमहरू बागमती प्रादेशिक मन्त्रालयहरूसंगको सहकार्यमा मितव्ययिता अपनाएर आयोजना गरिने, समितिको बैठक हरेक २ महिनाको अन्तिम शुक्रवार बस्ने, लघु, घरेलु तथा साना उद्यमीहरूको बस्तुस्थिति बुझ्न असोजको पहिलो साताबाट विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघहरूसंगको समन्वयमा भ्रमण कार्यक्रम पनि आयोजना गरिने निर्णय गरिएको छ । भ्रमण यस वर्ष धादिङ्ग, नुवाकोट, सिन्धुली, रामेछाप र दोलखा गरी ५ वटा जिल्लामा गरिने पनि निर्णय गरिएको छ ।

## अविरल वर्षाका कारण भएको क्षति उपर प्रेस विज्ञप्ति

**२०८१ असोज १३ गते**

अविरल वर्षाका कारण आएको बाढी र पहिरोका कारण भएको क्षति उपर सुरक्षित र संयमित रहन साथै पीडित समुदायलाई राहत र सहयोगका लागि एकता र सहकार्यमा साथ दिन अपील गर्दै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशबाट प्रेस विज्ञप्ति जारी गरिएको छ । विज्ञप्तिमा अविरल वर्षाका कारण देशभरका विभिन्न राजमार्गहरूमा भएको यातायात बन्द, खुर्कोट, मूलकोट बजार बगाएको र रामेछाप जिल्ला आवागमन नै बन्द भएको, धादिङ्ग, मकवानपुर लगायतका जिल्लामा भएको जनधनको क्षतिका कारण पर्न गएको कठिनाई उपर संयमता अपनाउन र पीडित समुदायलाई राहत र सक्दो सहयोगकालागि एकता र सहकार्यमा साथ दिन अनुरोध पनि गरिएको छ ।


नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेशको
प्रेस विज्ञप्ति
(२०८१ आश्विन १३ गते आईतबार)

बाढी र पहिरोको कारण संयमता अपनाउन र सुरक्षित रहन अपील

नेपालका विभिन्न स्थानमा आश्विन ११ गते शुक्रवारदेखि भएको अविरल वर्षाका कारण आएको बाढी पहिरोको विनाशले आम जनजीवनमा गम्भीर असर परेको छ। देशभरका विभिन्न राजमार्गहरु बन्द भएको, राजधानी जोड्ने नाकाहरु बन्द भएको, खुर्कोट र मूलकोट बजार बगाएको, रामेछाप जिल्ला आवागमन नै बन्द भएको, धादिङ्ग, मकवानपुर लगायतका जिल्लामा भएका जनधनको क्षति र आवतजावतमा कठिनाई संगसंगै सडक दुर्घटना, बाढी पहिरोबाट भएको थप जनधनको अपूरणीय क्षतिका कारण आम सर्वसाधारणहरु प्रताडित हुनु परेको अवस्था छ। नजिकिंदो दशैंको पूर्वसन्ध्यामा भएको यस आपतकालिन अवस्थामा नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश सम्पूर्ण नागरिक तथा उद्योगी व्यवसायीहरुलाई संयमता अपनाउन र सुरक्षित रहनका लागि हार्दिक अपील गर्दछ।

हामीले बाढी पहिरोका कारण प्रभावित भएको समुदायसँग एकजुट भएर सहयोग गर्न आवश्यक छ। यस्तो समयमा बाढी पहिरोका कारण उत्पन्न जोखिम र चुनौतीहरुको सामना संयमित र बिबेकपूर्ण ढंगले गर्न जरुरी छ। स्थिति समान्य नहुन्जेलसम्म आपतकालिन शर्तहरुको पालना गर्दै सुरक्षित स्थानमा रहन हुन सबैलाई अनुरोध गर्दछौं।

यस्तो विषम परिस्थितिमा उद्योगी व्यवसायीहरुलाई पनि अस्वाभाविक मूल्यवृद्धि, कालोबजारी, कृतिम अभाव श्रृजना हुने वातावरण नवनाई जनताको पीडामा मल्हम लगाउने कार्य गरिदिनु हुन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश सबै उद्योगी व्यवसायीहरुमा हार्दिक अनुरोध गर्दछौं। साथै पीडित समुदायलाई राहत र सहयोगको लागि एकता र सहकार्यमा साथ दिनु हुन पनि सबैमा हार्दिक अनुरोध गर्दछौं।

धन्यवाद।

दिल सुन्दर श्रेष्ठ
अध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश

हुप्रचौर, हेटौंडा-४
मकवानपुर, नेपाल
फोन: ०५७-५९१२६०
E-mail: fnccibagmatiprovince@gmail.com

STOP Child Labour

## पुँजी बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

**२०८१ कार्तिक ६ गते**

विश्व लगानीकर्ता सप्ताह २०२४ को अवसरमा नेपाल धितोपत्र बोर्ड र नेउवामहासंघको समभ्रदारी बमोजिम नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र नेपाल उद्योग वाणिज्य संघ काठमाडौंको संयुक्त सहकार्यमा पुँजी बजार सम्बन्धी शिक्षा तथा सचेतना अभिबृद्धि कार्यक्रम काठमाडौंको होटल यलो प्यागोडामा सम्पन्न गरिएको छ । पुँजी बजार, यसको आवश्यकता, लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरूलगायतका विषयहरूमा नेपाल धितोपत्र बोर्डका निर्देशक रेवत श्रेष्ठ र अधिकृत



कृष्ण गिरीज्यूले प्रस्तुतिकरण राख्नु भएको थियो । नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठज्यूले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगर उपाध्यक्ष सुरकृष्ण बैद्य र प्रमुख अतिथि नेपाल धितोपत्र बोर्डका अध्यक्ष महेश बरालज्यूले शुभकामना मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा नेउवामहासंघ बागमती प्रदेशका पदाधिकारी तथा कार्यकारिणी सदस्यहरू, विभिन्न उद्योगी व्यवसायीहरू, जिल्ला नगर उद्योग वाणिज्य संघहरूका अध्यक्षहरू, बस्तुगत संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिहरूसमेत गरी १५० जनाको सहभागिता रहेको थियो । नेपाल उद्योग वाणिज्य संघ काठमाडौंका महासचिव दुर्गाराज श्रेष्ठज्यूले संचालन गर्नुभएको कार्यक्रमको समापन उपाध्यक्ष रमानाथ श्रेष्ठज्यूले गर्नुभएको थियो ।

**भक्तपुर महोत्सवमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको स्टल**
**२०८१ मंसिर २८ गते**




भक्तपुर महोत्सवमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले आफ्नो स्टल राखी सहभागिता जनाएको छ । प्रदेशको तर्फबाट बागमती प्रदेश सरकार उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयबाट सर्वोत्कृष्ट हुनुभएका काभ्रे जिल्लाका उद्यमी व्यवसायी झ्याम्बल कृषि फर्मलाई सहभागी गराईएको थियो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको प्रवर्द्धनमा राखिएको उक्त स्टलको भाडा प्रदेश महासंघले व्यहोरेको थियो । झ्याम्बल कृषि फर्मका प्रोप्राईटर कमला लामाले उद्योगीहरूको प्रवर्द्धनमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको भूमिका सराहनीय भएको र आगामी दिनहरूमा पनि प्रदेश महासंघको यस्तै सहयोगको अपेक्षा गरेको बताउनुभयो । महोत्सवमा सामग्रीहरूको प्रदर्शनी संगसंगै विक्री पनि राम्रो भएको सहभागी कमला लामाले बताउनुभयो ।

**बालश्रम अन्त्यकालागि निजी क्षेत्र सदैव सकारात्मक : नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश**
**२०८१ पौष १६ गते**

बागमती प्रदेश श्रम रोजगार तथा यातायात मन्त्रालयको आयोजनामा प्रदेशको राजधानी हेटौंडामा आयोजना भएको बालश्रम अन्त्यकालागि निजी क्षेत्रको भूमिका विषयक छलफल कार्यक्रममा बालश्रम अन्त्यकालागि निजी क्षेत्र सदैव सकारात्मक रहेको बताईएको छ । कार्यक्रममा निजी क्षेत्रको तर्फबाट आफ्नो प्रस्तुति राख्नु हुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले बालश्रम अन्त्यकालागि नेपाल उद्योग वाणिज्य महासंघ शुरूवातदेखि नै सकृय रूपमा लागिरहेको बताउनुभएको थियो । औपचारिक क्षेत्रमा बालश्रम अन्त्यकालागि नेपाल उद्योग वाणिज्य महासंघले अन्तर्राष्ट्रिय श्रम संगठनसंग सहकार्य गरेर विभिन्न कार्यक्रमहरू संचालन गरेको र आफ्ना जिल्ला नगर उद्योग वाणिज्य संघहरूमार्फत पनि बालश्रम अन्त्यकालागि विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आईरहेको बताउनुभएको थियो । केन्द्र, प्रदेश र सबै जिल्ला नगर उद्योग वाणिज्य संघहरूको लेटर प्याडमा "STOP CHILD LABOUR" को लोगो रहेको बताउनुहुँदै उहाँले अनौपचारिक क्षेत्रमा

देखिएको बालश्रम अन्त्यकालागि पनि नेपाल उद्योग वाणिज्य महासंघ सदैव प्रतिबद्ध रहेको र सबै किसिमका सहकार्यको लागि तयार रहेको बताउनुभएको थियो ।



बागमती प्रदेश श्रम रोजगार तथा यातायात मन्त्री माननीय प्रेमभक्त महर्जनज्यूको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा मन्त्रालयका सचिव बलराम निरौलाज्यूले बागमती प्रदेश सरकारले बालश्रम अन्त्यका लागि गरेका कृयाकलापहरूको बारेमा प्रस्तुतिकरण राख्नुभएको थियो । प्रमुख अतिथि माननीय प्रेमभक्त महर्जनज्यूले निजी क्षेत्रबाट प्राप्त सुझावहरूलाई महत्वपूर्ण रूपमा लिने र निजी क्षेत्रसंग विषयगत रूपमा छलफल गर्दै सहकार्य गरेरै अघि बढ्ने बताउनुभएको थियो । कार्यक्रममा प्रदेश सभा सदस्य विन्दु श्रेष्ठ, श्रम रोजगार तथा यातायात मन्त्रालयका विज्ञ सल्लाहकार तुलसी रिजाल, बागमती प्रदेश नीति तथा योजना आयोगका सदस्य डा. दिपेन्द्र श्रेष्ठ, स्वतन्त्रता अभियानका कार्यालय प्रमुख रितु भट्ट राई, राष्ट्रिय बाल संरक्षण संजाल, सिविन, दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च, विभिन्न ट्रेड युनियनका प्रतिनिधिहरूलगायतको उपस्थिति रहेको थियो ।

## नि:सन्तानपन परामर्श सम्बन्धी नि:शुल्क शिविर सम्पन्न
## २०८१ पौष १८-१९ र माघ १८ र १९ गते




नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले नि:सन्तानपन परामर्श सम्बन्धी २ दिने नि:शुल्क शिविर २ पटक हेटौंडामा आयोजना गरेको छ । नेपाल ईन्टरनेशनल फर्टिलिटी एण्ड ल्याप्रोस्कोपिक सेन्टर (माया क्लिनिक) र निको अस्पताल प्रा.लि. संगको सहकार्यमा पौष १८-१९ र माघ १८-१९ गते शिविर आयोजना गरिएको हो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले सामाजिक उत्तर दायित्व अन्तर्गत लैङ्गिक हिंसा विरूद्धको एउटा प्रमुख कारण रहेको नि:सन्तानपन सम्बन्धी नि:शुल्क परामर्श शिविर निको अस्पतालमा आयोजना गरिएको नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कार्यकारी निर्देशक विवेक मानन्धरज्यूले बताउनुभयो । नि:शुल्क शिविरमा मकवानपुरका ५० जना भन्दा बढी निसन्तानपन समस्या भएका व्यक्तिहरूले सेवा लिएको नेपाल ईन्टरनेशनल फर्टिलिटी एण्ड ल्याप्रोस्कोपिक सेन्टरका बरिष्ठ आईभिएफ विशेषज्ञ डा. रश्मी

श्रीषज्यूले बताउनुभयो । निसन्तानपन समस्या भएका व्यक्तिहरूले चेकजाँच गराउन अप्ठेरो मान्ने गरेको पाईएकोले यसकोलागि जनचेतना जगाउन जरूरी रहेको नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्रीज्यूले बताउनुभयो । आगामी दिनमा आईभीएफ प्रविधिबाट सन्तान जन्माउन ईच्छुक व्यक्तिहरूलाई मकवानपुर मै सेवा प्रदान गर्ने विषयमा नेपाल ईन्टरनेशनल फर्टिलिटी एण्ड ल्याप्रोस्कोपिक सेन्टर सकारात्मक रहेको आईभिएफ विशेषज्ञ डा. समा श्रेष्ठज्यूले बताउनुभयो ।

## बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८१ भव्यतापूर्वक सम्पन्न
## २०८१ पौष २५ र २६ गते



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश महिला उद्यमी विकास समितिको संयोजनमा दोश्रोपटक बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन २०८१ भव्य रूपमा सम्पन्न गरिएको छ । बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलनको समुद्घाटन बागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय बहादुर सिं लामाज्यूले गर्नुभएको थियो । बागमती प्रदेश सरकार उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक पुष्कर चन्द्र भट्टराईज्यूको सभाध्यक्षता, बागमती प्रदेश सरकारका मुख्यमन्त्री माननीय बहादुर सिं लामाज्यूको प्रमुख आतिथ्यता, सामाजिक विकास मन्त्री माननीय हरिप्रभा खड्गी श्रेष्ठज्यू, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री माननीय सुकमाया तामाङज्यूको विशिष्ट आतिथ्यताविशेष आतिथ्यतामा भएको कार्यक्रममा स्वागत मन्तव्य राख्नुहुँदै नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश महिला उद्यमी विकास समितिका सभापति गीता अमात्यज्यूले बागमती प्रदेशका १३ वटै जिल्लाका महिला उद्यमीहरूलाई एकैथलोमा उपस्थित गराई सबै जिल्लाका उत्पादन, सो को बजारीकरण, स्थानीय र प्रदेश सरकारसंगको सहकार्य र स्थानीय बजारलगायत देश विदेशसम्म आफ्नो उत्पादित बस्तु बारे जानकारी, प्रचार प्रसार एवम् विक्री वितरण र स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गरी महिलालाई आर्थिक सशक्तिकरण तर्फ अघि बढाउन, महिला दिदीबहिनीहरूलाई प्रोत्साहन गर्ने र महिला दिदीबहिनीहरूले उद्योग व्यवसाय शुरूवात र संचालन गर्दा भोग्नु परेका समस्याहरूको विषयमा बृहत छलफल गरी उक्त समस्याहरूको समाधानकालागि स्थानीय, प्रदेश र केन्द्र सरकारसम्म बुलन्द आवाज पुऱ्याउने उद्देश्यका साथ सम्मेलनको आयोजना गरिएको बताउनुहुँदै आगामी वर्षको बजेटमा महिला उद्यमीहरूको सशक्तिकरणमा विशेष जोड दिई यथेष्ट बजेट विनियोजन गरिदिन आग्रह गर्नुभयो ।

प्रमुख अतिथि माननीय बहादुर सिं लामाज्यूले अब महिला पुरूष बराबर भईसकेको बताउनुहुँदै बागमती प्रदेश सरकारले महिलाहरूको सशक्तिकरणकालागि विभिन्न पेशागत तालिम एवम् अन्य कार्यक्रमहरू ल्याएको बताउनुभयो । धेरै महिला उद्यमीहरूले सानो पूँजीबाट व्यवसाय शुरू गरि सफल महिला उद्यमी बन्न सफल भएको धेरै उदाहरण पाईएको बताउनुहुँदै उहाँले स्थानीय बजार मात्र नभई अब अन्तर्राष्ट्रिय बजारसम्म महिला उद्यमीको पहुँच पुग्नुपर्ने र यसको लागि बागमती प्रदेश सरकारले आवश्यक सहयोग गर्न तयार रहेको बताउनुभयो । आर्थिक रूपमा सबल बन्न बनाउन महिला उद्यमीहरूले नवप्रवर्तनमा विशेष जोड दिनुपर्ने पनि उहाँले बताउनुभयो ।

विशिष्ट अतिथि माननीय हरिप्रभा खड्गी श्रेष्ठज्यूले आफूले महिलाहरूको सशक्तिकरणकै लागि भनेर सामाजिक विकास मन्त्रालय रोजेको बताउनुभयो । सबै निकायहरूसंग सहकार्य गरेरै भए पनि महिलाहरूलाई उद्यमी बनाउन आफूले कुनै कसर

नछोड्ने पनि उहाँले बताउनुभयो । महिला विना घर त चल्दैन, देश कसरी चल्छ भन्नुहुँदै उहाँले महिला सफल हुन आफै सशक्त भएर लाग्नुपर्ने बताउनुभयो । राजनैतिक परिवर्तनले मात्र सबै कुरा सम्भव नहुने बताउनुहुँदै उहाँले आर्थिक परिवर्तन जरूरी रहेको बताउनुभयो ।

विशिष्ट अतिथि माननीय सुकमाया तामाङज्यूले आफू पनि कृषि उद्यमी रहेको र उद्यमीले उत्पादनदेखि बजारीकरणसम्म भोग्नु परेका समस्याहरू बुझेको बताउनुभयो । देशको आर्थिक समृद्धिमा महिला उद्यमीको भूमिका महत्वपूर्ण रहेको बताउनुहुँदै उहाँले महिलालाई उद्यमशील बनाउन मन्त्रालयले विभिन्न कार्यक्रमहरू ल्याईरहेको बताउनुभयो । प्रादेशिक उद्योग वाणिज्य कानून बनाउन मन्त्रालय लागिपरेको र सरोकारवालाहरूसँग नीति सम्वाद कार्यक्रम आयोजना गर्न शुरू गरिएको बताउनुभयो । पुरूषको तुलनामा महिलाहरूलाई घरधन्दा गर्दै उद्यमी बन्न सजिलो नभएको बताउनु हुँदै उहाँले सम्मेलनले महिला उद्यमीहरूलाई उर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

विशेष अतिथि उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र कुमार के.सी. ज्यूले सरकार र निजी क्षेत्र मिलेर कार्यक्रम आयोजना गर्दा कार्यक्रम बढी प्रभावकारी भएको देखिएकोले नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश सँगको सहकार्यमा यसअघिको वर्ष जस्तै यस वर्ष पनि बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन आयोजना गरिएको र आगामी दिनहरूमा पनि यसै गरी सहकार्य गरी कार्यक्रमहरू आयोजना गर्ने बताउनुभयो । आर्थिक रूपमा महिलाहरू समृद्ध भए मात्र शक्तिशाली हुने बताउनु हुँदै उहाँले गतवर्ष भन्दा यसपटक महिला उद्यमीहरूका उत्पादनको बजारीकरणमा बढी जोड दिईएको बताउनुभयो । उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयले नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम आयोजना गर्दा पनि ७० प्रतिशत भन्दा बढी महिला उद्यमीहरू सम्मानित भएको बताउनुहुँदै उहाँले आगामी नीति तथा कार्यक्रमहरू तर्जुमा गर्नकालागि महिला उद्यमीहरूबाट उपयुक्त सल्लाह सुझावको अपेक्षा राखेको पनि बताउनुभयो ।

विशेष अतिथि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बागमती प्रदेशका कार्यकारी निर्देशक शान्ति लामाज्यूले महिला उद्यमीहरूको सशक्तिकरणकालागि स्थानीय तहहरूसंग समन्वय गरी विभिन्न सीपमूलक तालिम र अन्य कार्यक्रमहरू ल्याईरहेको बताउनुभयो । फेसबुक, टिकटक, ईन्स्टाग्रामहरूमा भुल्नु भन्दा पनि महिलाहरूले त्यस्ता प्रविधिलाई अब आफ्नो व्यवसाय विस्तारमा प्रयोग गर्न सल्लाह दिनुहुँदै उहाँले महिलाहरूलाई उद्यमी व्यवसायी बनाउन महिला मैत्री उद्योग व्यवसाय नीति बन्ने अपेक्षा राखेको बताउनुभयो ।

विशेष अतिथि नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले देशको कुल ग्राहर्स्थ उत्पादनमा बागमती प्रदेशको भूमिका सबैभन्दा बढी रहेको बताउनुभयो । महिला उद्यमीका उत्पादनहरूलाई अब स्थानीय बजारमा मात्र सीमित नराखी अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गर्नकालागि उत्पादनहरूको ब्राण्डिङ्ग र प्याकेजिङ्गमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । गत वर्ष उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयसंगको सहकार्यमा आयोजना गरिएको ३ दिने ई-कमर्श तालिमका सहभागीहरूले आफ्ना उत्पादनहरू विदेश निर्यात गर्न सफल भएको उदाहरण दिनुहुँदै उहाँले यसरी आयोजना गरिएको सम्मेलन, तालिम, गोष्ठीहरूबाट महिला उद्यमीहरूले यथासक्य फाईदा उठाउनुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभाध्यक्ष उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक पुष्कर चन्द्र घिमिरेज्यूले बामगती प्रदेश सरकार उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वार्षिक कार्यक्रम अनुसार बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन आयोजना गरिएको बताउनुभयो । अघिल्लो वर्ष पनि यसै गरी प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन आयोजना गरिएकोमा यसपटक बजारीकरणमा विशेष जोड दिईएको बताउनुहुँदै उहाँले कार्यक्रम संयोजन गरिदिनुभएकोमा नेउवामहासंघ बागमती प्रदेश महिला उद्यमी विकास समिति परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । सम्मेलनकै क्रममा महिला उद्यमीहरूका समस्याहरू बुझ्ने र आगामी नीति तथा कार्यक्रमको लागि आवश्यक सुझाव पनि संकलन गरिने भएकोले सबैलाई सकृय सहभागिताको लागि अनुरोध गर्नुहुँदै सम्मेलनमा उपस्थित भई गरिमा बढाईदिनु भएकोमा सम्पूर्ण प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि, अतिथि, संचारकर्मी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै उद्‌घाटन कार्यक्रमको समापन गर्नुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका महाशाखा प्रमुख महेशराज पौडेलज्यू, सुनिता गजुरेलज्यू,

उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रीज्यूका सल्लाहकार तारानिधि पोखरेलज्यू, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख उद्योग अधिकृत रामप्रसाद भुषालज्यू, होटल एशोसियसन महासंघका केन्द्रीय सल्लाहकार भगिरथ शर्मा खरेलज्यू, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका अधिकृत रमेश पौडेलज्यू, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका पदाधिकारी, कार्यकारिणी सदस्यज्यूहरू, विभिन्न संघसंस्थाका प्रतिनिधि एवम् संचारकर्मीज्यूहरूको पनि उपस्थिति रहेको थियो । कार्यक्रम नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका महिला उद्यमी समिति सदस्य रामेश्वरी मानन्धरज्यूले संचालन गर्नुभएको थियो ।

महिला उद्यमी व्यवसायीहरूबीच एकता, मैत्रीपूर्ण सद्भाव र सामञ्जस्यतामा ल्याई व्यावसायिक क्षेत्रमा आईपर्ने समस्याहरूको समाधानार्थ नेपाल सरकार, प्रदेश सरकार, सम्बन्धित निकायहरूसंग सहकार्य गर्दै सहयोगी भूमिका निर्वाह गर्ने, महिला उद्यमी व्यवसायीहरूलाई प्रोत्साहन गर्दै आत्मनिर्भर बनाई स्वरोजगार बनाउन समयसापेक्ष आवश्यक सीपमूलक, आयमूलक तालिमको व्यवस्था गरी योगदान पुर्‍याउने, महिला उद्यमी व्यवसायीहरूको व्यावसायिक प्रवर्द्धन गर्न गराउन सेमिनार, गोष्ठी, अध्ययन अवलोकन भ्रमण, मेला प्रदर्शनी जस्ता कार्यक्रमहरू आयोजना गरी अभिप्रेरित गराउने, मुलुकमा उपलब्ध कच्चा पदार्थमा आधारित सम्भावित व्यावसायिक क्षेत्रको पहिचान गरी व्यावसायिक विकासमा सहयोग पुर्‍याउने उद्देश्य बोकी अघि बढेको महिला उद्यमी विकास समितिले महिला उद्यमी व्यवसायीहरूको व्यावसायिक प्रवर्द्धनमा सहयोग पुर्‍याउने लक्ष्य लिएको छ । यसै क्रममा समितिले बागमती प्रदेशका १३ वटै जिल्लाका महिला उद्यमीहरू समेटी दोश्रो पटक बामगती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन आयोजना गरेको हो । बागमती प्रदेशका १३ वटै जिल्लाका गरी १३० जना महिला दिदीबहिनीहरूको भेला आयोजना गर्न उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट प्राप्त बजेटबाट संयुक्त रूपमा यो कार्यक्रम प्रादेशिक राजधानी हेटौंडाको होटल एभोकाडो एण्ड अर्किड रिजोटमा २०८१ पौष २५ र २६ गते आयोजना गरिएको हो । सम्मेलनमा १३ वटै जिल्लाका २९ वटा उद्योग वाणिज्य संघहरू, उद्योग तथा वाणिज्य कार्यालयहरू, नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश जस्ता संस्थाहरूसंग आवश्यक समन्वय गरी उद्यमी महिला दिदीबहिनीहरूलाई सहभागी गराईएको थियो । सम्मेलनमा १३ वटै जिल्लाका उद्यमी महिला दिदीबहिनीहरूबाट उत्पादित सामग्रीहरूको विक्री तथा प्रदर्शनीको लागि स्टलहरू निर्माण गरी प्रदर्शनी तथा विक्रि वितरण पनि गरिएको थियो ।

सम्मेलनको पहिलो दिनको समुद्घाटन पश्चात विभिन्न तालुकात निकाय तथा विषयहरूमाथि प्रस्तुतिकरण तथा उठेका प्रश्नहरूको सवाल जवाफ कार्यक्रम आयोजना गरिएको थियो । दराज नेपालका बजार प्रमुख प्रशान्त बुर्लाकोटी र विक्रेता अनबोर्डिङ्ग प्रमुख नविन रानाज्यूले संयुक्त रूपमा महिला उद्यमीका उत्पादनको बजारीकरणमा अनलाईन प्लेटफर्महरूको भूमिकाको विषयमा आफ्नो प्रस्तुतिकरण पेश गर्नुभएको थियो । प्रस्तुतिकरणमा विशेषत अनलाईन प्लेटफर्महरूले वर्तमान अवस्थामा उत्पादनको बजारीकरणमा महत्व कसरी बढ्दै गईरहेको छ र यसको लागि गर्नुपर्ने तयारीको विषयहरू राखिएको थियो । प्रस्तुतिकरण पश्चात उठेका महिला उद्यमीहरूको प्रश्नहरूको जवाफ प्रशिक्षक प्रशान्त बुर्लाकोटी र नविन रानाज्यूले दिनुभएको थियो । दराज नेपालबाट नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सिफारिशमा बागमती प्रदेशभित्रका महिला उद्यमीहरूका ब्राण्डिङ्गसहितको उत्पादनहरूको १ वर्षसम्म नि:शुल्क विक्री वितरणमा सहयोग गर्ने प्रतिबद्धता पनि प्राप्त भएको छ ।

त्यसैगरी कार्यक्रमको दोश्रो दिन सफल महिला उद्यमीका कथा प्रस्तुतिकरणकालागि पूर्व सभासद एवम् सफल महिला उद्यमी शान्ता अचार उद्योगका प्रोप्राईटर शान्ता चौधरीज्यूले आफ्नो उद्योगको बारेमा बनाईएको भिडियो डकुमेन्ट्री पेश गर्नुभयो । त्यसपछि उहाँले आफूले आफ्नो उद्योग संचालन गर्दाका दु:ख कष्ट, भोग्नु परेका चुनौतीहरू र आफूले आफ्नो उद्योगलाई सफलताको शिखरसम्म पुर्‍याउन गरेको प्रयासको बारेमा मन्तव्य राख्नुभयो । कमलरी जीवनबाट सभासद हुँदै सफल उद्यमी बन्न गरेको चौधरीज्यूको मेहनतले महिला उद्यमी दिदीबहिनीहरूले उच्च प्रेरणा प्राप्त गरेका छन् । महिला उद्यमी दिदी बहिनीहरूबाट उठेका विभिन्न प्रश्नहरूको उहाँले जवाफ दिनुभएको थियो ।

त्यसैगरी महिला उद्यमीका उत्पादनहरूको निर्यात सम्भावना तथा प्रकृयाको विषयमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका बरिष्ठ अधिकृत कृष्णराज बजगाईंज्यूले आफ्नो प्रस्तुतिकरण पेश गर्नुभएको थियो । औद्योगिक नीति, आयकर सम्बन्धी

व्यवस्था, अन्तर्राष्ट्रिय बजार प्रवेशमा नेपालको अवसर, उत्पादित सामग्रीहरूको ब्राण्डिङ्ग, लेबलिङ्ग र प्याकेजिङ्ग लगायत निर्यात गर्दा भन्सार लगायत अन्य सम्पूर्ण प्रकृयाहरूको विषयमा प्रस्तुतिकरण केन्द्रीत रहेको थियो । निकासी गर्दा आईपर्ने समस्याहरूको विषयमा उठेका महिला उद्यमी दिदीबहिनीहरूको जिज्ञासा बरिष्ठ अधिकृत बजगाईज्यूले शान्त पार्नुभएको थियो ।

त्यसैगरी उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका महाशाखा प्रमुख सुनिता गजुरेलज्यूले महिला उद्यमीहरूको वर्तमान अवस्था, महिला उद्यमीहरूलाई बजेटमा उच्च प्राथमिकता, संघीय औद्योगिक नीति, औद्योगिक व्यवसाय ऐन, महिला उद्यमशीलता कोष, प्रादेशिक औद्योगिक व्यवसाय ऐन, प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, सीप विकास तालिम, उद्यमी सम्मान कार्यक्रम, सुधार गर्नुपर्ने पक्षहरूको विषयमा प्रस्तुतिकरण पेश गर्नुभएको थियो । प्रस्तुतिकरण पश्चात महिला उद्यमीहरूबाट उठेका सवालहरूको जवाफ दिनुहुँदै महाशाखा प्रमुख गजुरेलज्यूले आगामी वर्षहरूमा पनि महिला उद्यमीका समस्याहरू बुझेर कार्यक्रमहरू बनाईने बताउनुभयो ।

थप कार्यक्रममा उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयबाट उद्यमी सम्मानमा सर्वोत्कृष्ट हुनु भई रू. १ लाख नगद पुरस्कार पाउन सफल काभ्रे जिल्लाका महिला उद्यमी व्यवसायी कमला लामाज्यूको आफ्नो भिडियो डकुमेन्ट्री पेश गर्नुभयो । साथै उहाँले आफूले नवप्रवर्तनको क्षेत्रमा हात हालेपश्चात पाएको सफलताको कथा पनि सुनाउनुभयो । खेर फालिने भोगटेको बाहिरी बोक्राबाट खान योग्य भोगटे क्याण्डी बनाई संसारलाई नयाँ स्वाद पस्किन सफल भएको आफ्नो कथा पेश गर्नुहुँदै उहाँले सबै महिला उद्यमीहरूलाई लगनशील भई लागिपरेमा सफल हुन सकिने बताउनुभयो । त्यसैगरी खोकनाका महिला उद्यमी अमला तुलाधरज्यूले आफूले तयार पारेको औषधिजन्य चियाको बारेमा पनि प्रकाश पार्नुहुँदै नविन कार्यमा अघि बढ्न सके महिला उद्यमीहरूलाई सफल बन्न सजिलो हुने बताउनुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका अधिकृत रमेश पौडेलज्यूले कार्यक्रमको क्रममा महिला उद्यमीहरूका प्रमुख समस्याहरू बुझ्ने र सुझावहरू पनि संकलन गरिने भएकोले उपयुक्त सुझावहरूको अपेक्षा राखेको बताउनुभयो । प्राप्त सुझावहरूकै आधारमा आगामी कार्यक्रमहरू बनाउन सहज हुने बताउनुहुँदै उहाँले सकेसम्म सबै जिल्लाको प्रतिनिधित्व हुने गरी सुझावहरू पेश गर्न आग्रह गर्नुभयो ।

कार्यक्रमको दोश्रो दिन बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री माननीय प्रेमभक्त महर्जनज्यूले सबै जिल्लाका स्टलहरूको अवलोकन गर्नुहुँदै आफ्नो मन्तव्य राख्ने क्रममा रोजगार श्रृजनाको लागि आफ्नो मन्त्रालयबाट पनि यथासक्य सहयोग रहने बताउनुभयो ।

सम्मेलनमा आउनुभएका सबै १३ जिल्लाकै महिला उद्यमी दिदीबहिनीहरूलाई महिला उद्यमीहरूका प्रमुख समस्याहरू एवम् महिला उद्यमीहरूलाई प्रोत्साहन दिन प्रदेश सरकारले के कस्ता नीति तथा कार्यक्रमहरू ल्याउनु पर्ला भन्ने विषयमा प्रश्नावली बनाई सबै १३ जिल्लाका महिला उद्यमीहरूको समूह बनाई सुझावहरू संकलन गरिएको थियो ।

सम्मेलनमा आउनुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, प्रस्तुतिकरण पेश गर्नुहुने विभिन्न मन्त्रालय, कार्यालय, संघसंस्थाका महानुभावहरू, सफल महिला उद्यमीहरू, महिला उद्यमी विकास समितिका सदस्यज्यूहरूलाई मायाको चिनो हस्तान्तरण गरिएको थियो ।

१३ जिल्लाका महिला उद्यमी दिदीबहिनीहरूले स्थानीय कच्चा पदार्थको प्रयोग गरि बनाईएका सामग्रीहरूलाई नै मायाको चिनो स्वरूप सबैलाई प्रदान गरिएको थियो । प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, प्रशिक्षकज्यूहरूलाई मायाको चिनो सभाध्यक्ष उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक पुष्कर चन्द्र घिमिरेज्यू, विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यू, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश महिला उद्यमी विकास समितिका सभापति गीता अमात्यज्यू, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका अधिकृत रमेश पौडेलज्यू लगायतले प्रदान गर्नुभएको थियो । कार्यक्रममा माननीय मुख्यमन्त्रीज्यूको सल्लाहकार विनोद शाहज्यू, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव दिपक लामाज्यू, बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष लेखराज पोखरेलज्यू, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारू मगरज्यूको पनि उपस्थिति रहेको थियो ।

## राष्ट्रिय औद्योगिक व्यापार मेलामा बागमती प्रदेशको प्रवर्द्धन

**२०८१ माघ १० गते**




राष्ट्रिय औद्योगिक व्यापार मेलामा बागमती प्रदेशबाट पनि सहभागिता जनाईएको छ । पोखरा उद्योग वाणिज्य संघको आयोजनामा माघ १० गतेदेखि १९ गतेसम्म आयोजना गरिएको मेलामा बागमती प्रदेशमा उत्पादित सामग्रीहरूको ५ वटा स्टलहरू राखी प्रदर्शनी एवम् बिक्री वितरण गरिएको छ । बागमती प्रदेशका विभिन्न जिल्लामा उत्पादित सामग्रीहरूको प्रदर्शनी एवम् बिक्री वितरण गराउने क्रममा मेला स्टलको खर्च, सहभागीहरूलाई खाने बस्ने, आउने जाने भाडा खर्च बागमती प्रदेश सरकारको तर्फबाट प्रदान गरिएको थियो । उक्त कार्यक्रमको संयोजन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश महिला उद्यमी विकास समितिले गरेको थियो । १० दिनसम्म आयोजित उक्त मेलामा स्टल राखी सहभागी भएका उद्यमीहरूले आगामी दिनहरूमा पनि प्रदेश सरकारबाट यस्तै साथ, सहयोगको अपेक्षा गरेका थिए । सहभागी उद्यमीहरूले आफ्नो बस्तुको बिक्री र प्रवर्द्धनमा ठूलो टेवा पुगेको पनि बताएका छन् ।

## मकवानपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमितिको स्वागत तथा बधाई कार्यक्रम

**२०८१ माघ २७ गते**



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले मकवानपुर उद्योग वाणिज्य संघको नवनिर्वाचित अध्यक्ष, पदाधिकारी तथा कार्यसमितिको सम्मानमा स्वागत तथा बधाई कार्यक्रमको आयोजना गरेको छ । प्रदेश अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूको सभाध्यक्षतामा भएको स्वागत तथा बधाई कार्यक्रममा उपस्थित सम्पूर्ण नवनिर्वाचित पदाधिकारी तथा कार्यसमिति सदस्यज्यूहरूलाई अध्यक्ष दिल सुन्दर श्रेष्ठ, कोषाध्यक्ष कविराज खत्री, नेउवामहासंघका केन्द्रीय सदस्यद्वय अमरेश चन्द्र बैदार, सविन श्रेष्ठज्यूलगायतले खादा, टीका र रूद्राक्षको माला लगाई सम्मान गरिएको थियो ।

स्वागत मन्तव्य राख्नुहुँदै प्रदेश अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले बागमती प्रदेश महासंघको सचिवालय हेटौंडामा स्थापना गर्दाका बखत मकवानपुर उद्योग वाणिज्य संघले लगाएको गुण अविष्मरणीय रहेको बताउनुहुँदै जिल्ला नगर उद्योग वाणिज्य संघ हरूमध्ये धेरै जसो नगर उद्योग वाणिज्य संघहरू अहिले गम्भीर अवस्थामा पुगेको बताउनुभयो । उहाँले विगतमा बलिया उद्योग वाणिज्य संघहरूले कमजोर उद्योग वाणिज्य संघहरूसंग भगिनी सम्बन्ध कायम गरी सहयोग गर्ने गरेको उदाहरण पेश गर्नुहुँदै यसरी नै एक आपसमा सहयोग गर्दै अघि बढ्न सके राम्रो हुने बताउनुभयो । साथै उहाँले सम्पूर्ण कार्यसमितिको सफल कार्यकालको शुभकामना पनि व्यक्त गर्नुभयो ।

त्यसैगरी नेउवामहासंघका केन्द्रीय सदस्य अमरेश चन्द्र बैदारज्यूले मकवानपुर उवासंघको नवनिर्वाचित कार्यसमितिको

सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सचिवालय बनाउने कार्यमा मकवानपुर उद्योग वाणिज्य संघको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगरको भूमिका बढाउन उवासंघहरू एक भएर लाग्नुपर्ने बताउनुहुँदै उहाँले सिन्धुली उवासंघमा नवनिर्वाचित कार्यसमितिलाई सिन्धुली उवासंघको तर्फबाट निमन्त्रण पनि गर्नुभयो ।

केन्द्रीय सदस्य कृष्ण कटुवालज्यूले यसपटक मकवानपुर उद्योग वाणिज्य संघको विधान संशोधन भई सम्पूर्ण कार्यसमिति नै निर्वाचित भएर आउँदा विगतमा भन्दा अध्यक्षज्यूलाई पदाधिकारी छान्न नपर्दा थोरै सहज भएको र यसले संघलाई गोलबद्ध भएर अघि बढाउन सजिलो हुने विश्वास व्यक्त गर्नुहुँदै केन्द्रमा जिल्ला नगरको दवाब नपुगेको बताउनुभयो । उद्योगी व्यवसायीको खास समस्या केन्द्रमा बुझाउन जिल्ला नगरले दवाब दिन एक भएर लाग्नुपर्ने उहाँले बताउनुभयो ।

केन्द्रीय सदस्य सविन श्रेष्ठज्यूले नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुहुँदै उहाँले आफू ललितपुर उवासंघको कार्यसमिति सदस्यको रूपमा मकवानपुर उवासंघको भ्रमण गर्दा संघ देखेर साह्रै प्रभावित भएको बताउनु भयो । अहिलेको समयमा केन्द्रमा दवाब दिन सबै जिल्ला नगर उवासंघ एक भएर लाग्न जरूरी रहेको पनि उहाँले बताउनुभयो ।

मकवानपुर उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष प्रमोद सिंह रानाभाटज्यूले बागमती प्रदेश महासंघले स्वागत तथा बधाई कार्यक्रम राखिदिनुभएकोमा धन्यवादज्ञापन गर्नुभयो । अहिलेको अवस्थामा उद्योगी व्यवसायीहरू निकै नै समस्यामा रहेकोले जिल्ला नगर, प्रदेश र महासंघ एक भएर लाग्नुपर्ने बताउनुहुँदै उहाँले मकवानपुर उद्योग वाणिज्य संघ सदैव उद्योगी व्यवसायीको समस्यामा साथ रहने बताउनुभयो । बैंक, बीमा, सिण्डिकेट जस्ता उद्योगी व्यवसायीहरूको समस्यामा सबै एकजुट हुनुपर्ने बताउनु हुँदै उहाँले कमजोर रहेका उवासंघहरूलाई सहयोग गर्न मकवानपुर उद्योग वाणिज्य संघ तत्पर रहेको बताउनुभयो ।

कार्यक्रममा अन्त्यमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष दिल सुन्दर श्रेष्ठज्यूले मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाटज्यूलाई बधाई फ्रेम हस्तान्तरण गर्नुभयो । स्वागत तथा बधाई कार्यक्रमको संचालन नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष दुर्गाराज श्रेष्ठज्यूले गर्नुभएको थियो भने कार्यक्रमको समापन कोषाध्यक्ष कविराज खत्रीज्यूले गर्नुभएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका पदाधिकारी, कार्यकारिणी सदस्यहरू र कर्मचारीहरूको पनि उल्लेखनीय उपस्थिति रहेको थियो ।

## सीप परीक्षण कार्यक्रम सम्पन्न

**२०८१ फागुन ११ र १२ गते**




उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय मकवानपुरसंगको सहकार्यमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशले सिलाई सम्बन्धी सीप जानेका महिला दिदीबहिनीहरूलाई सीप परीक्षण गराएको छ । राष्ट्रिय सीप परीक्षण समितिबाट परीक्षा लिइएको उक्त सीप परीक्षण कार्यक्रममा विभिन्न जिल्लाबाट आवेदन प्राप्त भएका ३० जना महिला दिदीबहिनीहरू मध्ये २३ जनाको उपस्थिति रहेको थियो । राष्ट्रिय सीप परीक्षण समितिबाट खटाईएका परीक्षा व्यवस्थापक रत्नकाजी कपालीज्यूले परीक्षाको नतिजा जति सक्दो छिटो प्रकाशन गर्ने बताउनुभयो । सीप परीक्षण कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री र कार्यकारी निर्देशक विवेक मानन्धरज्यूको उपस्थिति रहेको थियो । सीप परीक्षणबाट उत्तीर्ण सहभागीहरूमध्ये उत्कृष्ट १५ जना महिला दिदीबहिनीहरूलाई प्रविधि हस्तान्तरण गर्ने कार्यक्रम पनि रहेको छ ।

**नेउवामहासंघ बागमती प्रदेश कार्यकारिणी समितिको बैठक सम्पन्नः**

छैठौं प्रदेश सभापश्चात विभिन्न मितिमा विभिन्न महत्वपूर्ण निर्णयहरू गर्दै हालसम्म ९ वटा कार्यकारिणी समितिको बैठक सम्पन्न गरिएको छ । अध्यक्ष दिलसुन्दर श्रेष्ठज्यूको सभापतित्वमा कार्यकारिणी समितिको बैठक बसेको थियो ।

**हालसम्म बैठक बसेको मिति र स्थानः**

- २०८० बैशाख १६ गते पहिलो बैठक होटल यलो प्यागोडा, काठमाडौं ।
- २०८० जेठ १२ गते दोश्रो बैठक हेटौंडा सचिवालय, मकवानपुर ।
- २०८० श्रावण ३१ गते तेश्रो बैठक थाहा उवासंघ सभाहल, थाहानगर, पालुङ्ग ।
- २०८० असोज १२ गते चौथो बैठक नेउवामहासंघ सभाहल, टेकु, काठमाडौं ।
